# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ९४ | काठमाडौं | बुधबार, १० साउन २०८० | Prabhab National Daily | Wednesday, July 26, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-

चुनावी खर्च विवरण

## पारदर्शिताको गफ दिने तर नबुझाउने को को ?





- खर्च विवरण नबुझाउनेमा सरकारका मन्त्रीदेखि कांग्रेसका महामन्त्री गगन थापासम्म रहेका छन्
- लोसपा अध्यक्ष महन्थ ठाकुर र राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र पनि जरिवानामा
- विवरण नबुझाउनेमा प्रतिनिधिसभातर्फ एक हजार ३७ र प्रदेशसभातर्फ एक हजार ३९८ उम्मेदवार

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** पारदर्शिताको गफ दिने नेताहरूले नै चुनावी खर्च विवरण सार्वजनिक गर्न आनाकानी गरेका छन् । चुनावी खर्चको विवरण नबुझाउने ती नेताहरूलाई निर्वाचन आयोगले जरिवाना तोकेको छ । मंगलबार चुनावी खर्च विवरण नबुझाउनेहरूको नाम सार्वजनिक गर्दै आयोगले जरिवाना तोकेको हो । विवरण नबुझाउने प्रतिनिधिसभा र प्रदेशसभाका सांसदहरूलाई ३५ दिनभित्र १५/१५ हजार रूपैयाँ जरिवाना बुझाउन आयोगले निर्देशन दिएको छ ।

यसरी विवरण नबुझाउनेमा प्रतिनिधिसभातर्फ एक हजार ३७ र प्रदेशसभातर्फ एक हजार ३९८ उम्मेदवार छन् । उनीहरूले पटक-पटक ताकेता गर्दा पनि खर्च विवरण सार्वजनिक नगरेको आयोगले जनाएको छ ।

**खर्च विवरण नबुझाउने को को ?**

यसरी खर्च नबुझाउनेमा सरकारका मन्त्रीदेखि कांग्रेसका महामन्त्री गगन थापासम्म रहेका छन् । आयोगका अनुसार परराष्ट्रमन्त्री एनपी साउद, खानेपानीमन्त्री महिन्द्र राय यादव, शिक्षामन्त्री अशोक राई, र श्रममन्त्री शरतसिंह भण्डारी रहेका छन् ।

तोकेको समयभित्र प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा निर्वाचन खर्चको विवरण पेस गर्ने प्रतिनिधिसभाका उम्मेदवारलाई निर्वाचन (कसूर तथा सजाय)ऐन, २०७४ को दफा ३१ को उपदफा (२) बमोजिम जरिवाना गरिएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले विज्ञप्ति जारी गरेर जानकारी दिएका छन् ।

निर्वाचन खर्च विवरण सार्वजनिक नगर्नेमा नेपाली (बाँकी पृष्ठ २ मा)

# शशांकको चियापान, शेखरको 'गुटभेला'

## विश्व लैनचौरमा देखिएनन्, गगन बत्तीसपुतलीमा



लैनचौरमा आयोजित चियापान कार्यक्रम



बत्तीसपुतलीमा आयोजित भेलामा नेताहरू

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मंगलबार कांग्रेस केन्द्रीय समिति बैठकमा 'ब्रेक' लाग्यो । कारण, साउन २ बाट जारी बैठकको मैझारो र निर्णय तय गर्न पदाधिकारीको बैठकका लागि । पदाधिकारी बैठक मंगलबार साँझ कांग्रेस सभापति शेरबहादुर देउवाको निवासमा तय भएको थियो । यही मौका पारी कांग्रेस केन्द्रीय सदस्य डा. शशांक कोइरालाले चियापान आयोजना गरे भने डा. शेखर कोइरालले 'गुटभेला' ।

लैनचौरस्थित लैनचौर बैंक्वेटमा आयोजित शशांकको चियापानमा सभापति शेरबहादुर देउवादेखि महामन्त्री गगन थापासम्म ओइरिए । बिहान १० बजे आयोजना गरिएको चियापान 'पार्टी एक छ' भन्ने सन्देश दिन रहेको शशांकले जनाए । चियापानमा कार्यवाहक प्रधानमन्त्रीसमेत रहेका उपसभापति पूर्णबहादुर खड्का, कानुनमन्त्रीसमेत रहेका उपसभापति धनराज गुरुङलगायत अधिकांश मन्त्री र केन्द्रीय सदस्यहरू उपस्थित भए ।

पार्टीको केन्द्रीय समितिमा देउवापछि आफू नै जितको 'रेकर्डधारी' रहेको दाबी गरेकै दिन शशांकले चियापानको निम्तो दिएका थिए । शशांकले आफूले चार-चार पटक निर्वाचन जितेको र यस्तो रेकर्ड देउवाबाहेक अरुसँग नरहेको दाबी पेस गरेका थिए । 'मेरो क्षेत्रमा हेर्नुस् नेपालमा कति जनाले चारपटक जिते ? मेरो विचारमा एक जना शेरबहादुर देउवा हो । अरू कोही छन् ? दोस्रो म हो । लगातार जितेको भनेको,' शशांकले भनेका थिए ।

शशांकको भनाइ अबको सभापतिमा आफ्नो दाबी भएकोतिर लक्षित थियो । कांग्रेसमा अहिले सबैभन्दा बलिया देखिन्छन् सभापति देउवा । तर, बलिया उत्तराधिकारी नहुँदा देउवा कसलाई 'प्रोसेसर' बनाउने भन्दै लागिपरेका छन् । यही मेसोमा कतिपयले डा. शेखर कोइरालालाई उत्तराधिकारीका रूपमा हेर्छन् । त्यसैले होला देउवाका कटु आलोचक शेखर अहिले नेतृत्वविरुद्ध मौन छन् । 'एकैपटक, (बाँकी पृष्ठ २ मा)

## शेखरको 'गुटभेला'

**काठमाडौं (प्रस)–** नेपाली कांग्रेसका पूर्वजिल्ला सभापतिहरूले केन्द्रीय समिति बैठक 'ब्रेक' भएको अवसर पारी संस्थापनइतरको 'गुटभेला' आयोजना गरे । मंगलबार बत्तीसपुतलीस्थित अनुपम फुडल्याण्डमा डा. शेखर कोइराला र महामन्त्री गगन थापाको उपस्थितिमा भेला तय भएको थियो ।

कार्यक्रममा कानुनमन्त्रीसमेत रहेका उपसभापति धनराज गुरुङले अर्कोपटक सभापति शेखर बन्ने ठोकुवा गरे । 'अहिले नै पार्टी सभापति बदल्नुपर्छ भन्ने चाहन्न । तर १५औं महाधिवेशनमा पार्टी सभापति बदल्ने हो,' उनले भने । त्यो बेला शेखरलाई उम्मेदवार बनाउनेमात्र होइन, सभापतिमा स्थापित गर्ने उनको दाबी छ ।

कार्यक्रममा प्रमुख अतिथिका रूपमा उपस्थित शेखरले निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्ने बताए । वर्तमान निर्वाचन प्रणालीबाट एक दलले बहुमत ल्याउन (बाँकी पृष्ठ २ मा)

## सुशासनको विरूद्धमा कांग्रेस

■ **जेबी योञ्जन**

**काठमाडौं–** नेपाली कांग्रेसको जारी केन्द्रीय समिति बैठकमा जेलमा रहेका नेता बालकृष्ण खाणको निलम्बनबारे विनाएजेण्डा छलफल भइरहेको छ । खाण नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परी जेल पुगेका हुन् । उनलाई कारबाही स्वरूप निलम्बन गर्नुपर्ने संस्थापनइतर पक्षका निकै कम केन्द्रीय सदस्यहरूले माग गरे । बहुमत संस्थापनपक्षीय केन्द्रीय सदस्यहरू भने बचाउमा उत्रिए ।

बालकृष्ण खाणको बचाउमा कांग्रेस नेताहरु

०००

खाणको निलम्बनलाई लिएर बैठकमा बहस

२६ वैशाखमा सभापति शेरबहादुर देउवाले धुम्बाराहीमा पदाधिकारी र पूर्वपदाधिकारीको बैठक बोलाएर केन्द्रीय समिति बैठकको प्रत्यक्ष प्रसारण गर्ने प्रस्ताव गर्दा कांग्रेसभित्रमात्रै होइन, अन्य दलहरू र सर्वसाधारणमा कांग्रेस त अपारदर्शी बन्ने भयो, सुशासनमा गज्जबै गर्छ कि क्या हो भन्ने सन्देश प्रवाह भएको थियो ।

तर, केन्द्रीय समिति बैठकमा धेरै नेताहरूको खाणलाई जोगाउने अभिव्यक्तिले सुशासन विरोधी दलको रूपमा कांग्रेसको पहिचान स्थापित भएको छ । दण्डहीनतालाई प्रश्रय दिने दल कांग्रेस भएको अर्थमा कतिपयले बुझेका छन् । किनभने ठगी, कीर्ते, राज्यविरुद्धको कसूरलगायतका आरोपी खाणको पक्षमा लाइभमै कांग्रेस नेताहरू उभिए ।

१५७ सदस्यीय केन्द्रीय कार्यसमितिमा सभापति देउवापक्षीय बहुमत नेताहरू नै खाणको पक्षमा उभिँदा बैठकको हरेक दिन कांग्रेसले सुशासन पचाइसकेको जस्तो देखियो । अझ परिस्थिति त त्यतिबेला लज्जास्पद बन्यो, जब पार्टीको वरिष्ठ नेता बन्ने लाइनमा रहेका गोपालमान श्रेष्ठले बैठकमा एक कदम अगाडि बढेर खाणलाई जेल जानबाट रोक्न सकिन्थ्यो, किन रोकिएन ? भन्दै प्रश्न गरे । उनको आशय सत्तारुढ गठबन्धनको प्रमुख दल भएर पनि आफ्नै नेतालाई पार्टीले जेल जानबाट रोक्न सकेन भन्ने देखियो ।

नेता खाणनिकट मानिने सहमहामन्त्री महेन्द्र यादव पहिल्यैदेखि खाणको बचाउमा थिए । उनले केन्द्रीय समिति बैठकमा राज्यले नै खाणलाई फसाएको दलिल पेस गरे । पार्टी प्रचार विभाग प्रमुख मीन विश्वकर्माले त परिवारको एक सदस्यलाई दुःख पर्दा अर्कोले सहयोग गर्नुपर्ने भनेर खाणमाथि लागेको (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

## गलत सूचनाको भ्रममा नपर्न इपिएस शाखाको आग्रह

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले गलत सूचनाप्रति सजग रहन र भ्रममा नपर्न सरोकारवालालाई आग्रह गरेको छ । केही व्यक्ति वा समूहले इपिएस कोरिया शाखाको लेटरप्याडमा तत्काल नेपालबाट कुनै पनि कामदार कोरिया नभित्र्याउनेसम्बन्धी अत्यन्त जरुरी सूचना भनी गलत (फेक) सूचना निकाली अतिरञ्जित र भ्रम छर्ने कार्य गरेको पाइएकाले त्यस्तो भ्रममा नपर्न शाखाले आग्रह गरेको हो ।




शाखाले मंगलबार एक सूचना जारी गर्दै इपिएसको लोगो एवं लेटरप्याडसमेत सामाजिक सञ्जालमा राखी भ्रामक र नक्कली सूचना प्रेषित गरी कानुनविपरीतका गतिविधि गरिरहेको हुँदा विश्वास नगर्न सम्बन्धित सबैलाई सचेत गराएको छ । सामाजिक सञ्जालमा विभिन्न पेज बनाई भ्रामक विषय लेखी समाचार बनाएर जथाभावी पोस्ट गर्ने र सत्य तथ्य नबुझी अरुलेसमेत सेयर गरेको पाइएकाले त्यसो गर्नु कानुनविपरीतको कार्य भएको शाखाले उल्लेख गरेको छ ।

यस्तै सरकारी लेटरप्याड कीर्ते गर्ने र गलत सूचना प्रावहलगायतका गैरकानुनी कार्यमा संलग्नहरूलाई विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ तथा नियमावली २०६४ बमोजिम साइबर अपराधमा हदैसम्मको कैद र जरिवानासहित सजायका लागि प्रहरीको साइबर ब्युरोमा लेखी पठाइसकिएको शाखाले जनाएको छ । साथै, कुनै पनि आधिकारिक जानकारीका लागि सम्बन्धित व्यक्तिले इपिएस कोरिया शाखाको वेबसाइट वा राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने सूचना हेर्न अनुरोध गरिएको छ ।

शाखाले नेपाल सरकार र दक्षिण कोरिया सरकारबीच भएको सम्झौताबमोजिम इपिएसमार्फत २००८ देखि हालसम्म करिब ९० हजारभन्दा बढी नेपाली कामदार कोरिया गइसकेको जनाएको छ । गत आर्थिक वर्ष २०७९/८० मा २२ हजार १९२ नेपाली कोरिया जान सफल भएको भन्दै शाखाले इपिएसमार्फत कोरिया प्रवेश गर्ने १६ मुलुकमध्ये नेपाल सर्वोत्कृष्ट रहेको उल्लेख गरेको छ ।

## बहराइनबाट ल्याइएका चौधरीको वीरमा उपचार सुरु

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार बोर्ड सचिवालयले बहराइनको एक अस्पतालको कोमामा उपचाररत दिनेशकुमार चौधरीलाई नेपाल ल्याएर थप उपचारका लागि वीर अस्पतालसँग समन्वय गरेको छ । बोर्डको समन्वय र खर्चमा बहराइनको किङ हमाद युनिभर्सिटी अस्पतालको कोमामा उपचाररत सुनसरीका चौधरीलाई नेपाल ल्याएर वीर अस्पतालमा थप उपचार सुरु भएको हो ।

चौधरीलाई सम्पूर्ण खर्चसहित गत असार २९ गते कुवेत एयरवेजको उडानमार्फत स्ट्रेचर र अस्पतालका विशेषज्ञ डाक्टरसहित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसम्म ल्याइएको बोर्डले जनाएको छ । उनलाई नेपाल ल्याउन तीन हजार २१३ बहराइन दिनार अर्थात् ११ लाख १९ हजार रूपैयाँ खर्च भएको बोर्डका निर्देशक एवं सूचना अधिकारी राजन पौडेलले जानकारी दिए । कोमाको अवस्थामा रहेका चौधरीलाई परिवारको आग्रहमा नेपाल ल्याउने र थप उपचारका लागि वीर अस्पतालमा भर्ना गरिएको उनले बताए । पौडेलका अनुसार बहराइनस्थित नेपाली दूतावासको समन्वयमा नेपाल ल्याइएका चौधरीको उपचारका लागि बोर्डले वीर अस्पतालसँग आवश्यक समन्वय गरिरहेको छ । विदेशमा रहेका श्रमिकलाई स्वास्थ्य परामर्श दिने र बिरामीको उपचारका लागि बोर्डले वीर अस्पतालसँग सम्झौता गरेको छ ।

रोजगारीका लागि २०२२ मा श्रम स्वीकृति लिएर बहराइन पुगेका चौधरी आल्मुनियम कम्पनीमा काम गर्दागर्दै उच्च रक्तचापका कारण १७ मार्च २०२३ मा ढलेको बताइएको छ । उपचारका लागि कम्पनीले नै अस्पताल पुर्‍याएर चार महिनासम्म उपचार गर्दा पनि होस नआएपछि परिवारको चाहना र आग्रहअनुसार नै नेपाल ल्याइएको बोर्डले जनाएको छ ।

चौधरीमात्र नभई वैदेशिक रोजगारीको क्रममा ज्यान गुमाएका, गम्भीर बिरामी तथा अंगभंग भएका र विभिन्न समस्यामा परेकाहरूलाई बोर्डले सम्पूर्ण खर्चसहित उद्धार गर्दै आएको पौडेलले बताए । 'कोमाको अवस्थामा रहेका नेपालीहरूलाई बोर्डले विभिन्न समयमा उद्धार गर्दै आइरहेको छ, गत आर्थिक वर्षमा मात्रै कोमामा रहेका तीन जनाको सम्पूर्ण खर्च व्यहोरेर ल्याइएको छ,' उनले भने ।

वैदेशिक रोजगारीको क्रममा विभिन्न कारणले कोमाको अवस्थामा पुगेका श्रमिकलाई स्वदेश ल्याउन र स्वदेशमा नै उपचारको थप व्यवस्था गर्न बोर्डले आर्थिक सहयोग गर्दै आइरहेको छ । गम्भीर बिरामी वा अंगभंग भएर स्वदेश फर्किएका श्रमिकलाई अवस्था हेरेर बोर्डले सात लाख रूपैयाँसम्म आर्थिक सहायता उपलब्ध गराउन सक्ने प्रावधान रहेको छ ।

## प्रेस विज्ञप्ति

नेपाल सरकार र कोरियन सरकारबीच श्रम सम्झौता भइ रोजगार अनुमति प्रणाली (EPS) मार्फत (G to G) अन्तर्गत नेपालबाट कामदार कोरिया जान पाउने व्यवस्था रहेको र EPS अन्तर्गत हालसम्म ९० हजार कामदार कोरिया गएको व्यहोरा सबैमा विधितै छ । EPS अन्तर्गत नेपाल सरकारले दक्षिण कोरियामा कामदार पठाउने गरेको र कोरियाली रोजगारदाताहरूले E7 भिसाअन्तर्गत इजाजतपत्रवाला संस्थामार्फत कामदार लिने गरी मागपत्र पठाउने भनेकाले E7 भिसामा संस्थागतरूपमा कामदार पठाउन स्वीकृति दिन माग गरिरहँदा सरकारले इजाजतपत्रवाला संस्थालाई कोरियामा कामदार पठाउन स्वीकृति दिएको छैन । E7 भिसामा संस्थागतरूपमा कामदार पठाउन स्वीकृति नदिए पनि विभिन्न व्यक्ति र तालिम प्रदायक संस्थाहरूले E7 भिसामा कामदारहरूको माग आएको भन्दै गैरकानूनीरूपमा अन्तर्वार्ता लिने, तालिम दिने र रकम संकलन गर्ने गरेको भन्ने कुरा सुन्नमा आएकाले यसमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गम्भीर ध्यानाकर्षण भएको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले E7 भिसामा इजाजतपत्रवाला संस्थामार्फत कोरिया कामदार पठाउन स्वीकृति दिन माग गर्दा सरकारले स्वीकृति नदिएको जानकारी गराउँदै कोही कसैले E7 भिसामा कोरिया पठाउँछु भन्दै रकम लिने, तालिम दिने कार्य गरेको भए त्यस्तो कार्य नगर्न/नगराउनु हुन र यस्तो भए गरेको जानकारी पाउनुभएमा वैदेशिक रोजगार विभाग, प्रहरी कार्यालय र यस संघमा जानकारी गराइ ठगी गर्नेहरूलाई करबाही गर्न सहयोग गरिदिनुहुन अनुरोध गर्दै यस्तो कानूनविपरीत कार्य गर्नेलाई कडा कानूनी कारबाही गर्न नेपाल वैदेशिक रोजगार व्यवसायी संघ सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछौं ।

**राजेन्द्र भण्डारी**
**अध्यक्ष**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तिलगंगा-८, काठमाडौं, फोन नं.०१-४५९०९६९/४५९४४१८



**बौद्धनाथको हवाई दृश्य** | हवाई जहाजबाट मंगलबार लिएको विश्व सम्पदा सूचीमा सूचीकृत काठमाडौंको बौद्धनाथ स्तूप र त्यस आसपासको क्षेत्र । *तस्बिरः रत्न श्रेष्ठ/रासस*

# वीर अस्पतालमा सुविधासहितको विशिष्ट कक्ष

**काठमाडौं–** वीर अस्पतालले थप शयचा र सुविधासहित विशिष्ट कक्ष सञ्चालन गरेको छ । नयाँ सर्जिकल भवनमा तीन शयचा थप गरेर सुविधा सम्पन्न कक्ष सञ्चालनमा ल्याइएको हो ।

अस्पतलाका निर्देशक डा. सन्तोष पौडेलका अनुसार उपचार कक्षमा आवश्यक उपकरणसहित अतिथि सत्कार कक्ष, आगन्तुक प्रतीक्षालयसहितको सुविधा छ । वीर अस्पतालको पुरानो भवनमा पहिलादेखि नै विशिष्ट व्यक्ति र अति विशिष्ट व्यक्तिका लागि दुई शयचा छुटचाइएको थियो । वीर अस्पतालमा सञ्चालनमा आएको विशिष्ट र अतिविशिष्ट कक्षको मंगलबार स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले अवलोकन गरे । सो अवसरमा मन्त्री बस्नेतले सबै प्रकारका स्वास्थ्य उपचार देशभित्रै गर्नका लागि वीर अस्पतालमा शयचा थप गरिएको बताए ।

उनले भने, 'वीरमै सुविधा सम्पन्न कक्षको व्यवस्था र उपचारका लागि सरकारी र निजी क्षेत्रका गरी १५ सदस्यीय विशेषज्ञ चिकित्सकको टोली बनाएका छौं । त्यही टोलीले उपचार गर्छ । उपचारका लागि कोही पनि विदेश जानु पर्दैन ।' अस्पतालको सेवा प्रवाह थप राम्रो बनाउन चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) र वीरका पदाधिकारीलाई मन्त्री बस्नेतले निर्देशन दिए ।

न्याम्सका उपकुलपति प्रा.डा. भूपेन्द्रकुमार बस्नेतको संयोजकत्वमा गठन भएको विशिष्ट र अतिविशिष्ट उपचार विशेषज्ञ समितिमा डा. किरण श्रेष्ठ, डा. ध्रुव गैरे, डा. रविराम श्रेष्ठ, डा. शैली प्रधान, डा. भगवान कोइराला, डा. पुकारचन्द्र श्रेष्ठ, डा. महेश अधिकारी, डा. सुभाष आचार्य, डा. सन्दुक रुइत, डा. शशी शर्मा, डा. रत्न गजुरेल, डा. बद्री रिजाल, डा. मनबहादुर केसी र डा. रमेश चोखानी छन् ।

उपकुलपति डा. बस्नेतले यसअघि पनि भिआइपी र भिभिआइपी उपचारका लागि बहिरंग सेवा लिन आए पनि केही समययता भर्ना नभएको बताए । उनले अस्पताल सुविधा सम्पन्न बनाएसँगै उपचारका लागि विशिष्ट र अतिविशिष्ट व्यक्ति आउने विश्वास व्यक्त गरे । *रासस*

## पारदर्शिताको...

पृष्ठ १ बाट जारी

कांग्रेसका महामन्त्री, सहमहामन्त्री र प्रमुख सचेतकसम्म रहेका छन् । कांग्रेसका महामन्त्री थापा, सहमहामन्त्रीद्वय उमाकान्त चौधरी र महालक्ष्मी उपाध्याय (डिना) र कांग्रेसका प्रमुख सचेतक रमेश लेखक पनि छन् । नेता विजय गच्छदार, नेपालका एकमात्रै डलर अर्बपति विनोद चौधरी, केन्द्रीय सदस्य शंकर भण्डारीले पनि खर्च विवरण बुझाएका छैनन् ।

नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का चार सांसद पनि निर्वाचन आयोगको कारबाहीमा परेका छन् । जरिवाना पर्नेमा काठमाडौंबाट प्रत्यक्षतर्फ रास्वपाबाट जितेका चार सांसद छन् । काठमाडौं-६ बाट विजयी भएर छोटो समय शिक्षामन्त्री बनेका शिशिर खनाल, रास्वपा संसदीय दलका उपनेतासमेत रहेका विराजभक्त श्रेष्ठ, काठमाडौं-२ बाट निर्वाचित भएकी सोविता गौतम पनि कारबाहीमा परेकी छन् । त्यस्तै काठमाडौं-७ बाट निर्वाचित गणेश पराजुलीले पनि १५ हजार तिर्नुपर्ने सूचीमा परेका छन् ।

उनीहरूसहित लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, पूर्वसभामुख ओनसरी घर्ती, माओवादी केन्द्रकै उपाध्यक्ष पूर्वमन्त्री पम्फा भुसाल, उपमहासचिव तथा पूर्वमन्त्री गिरीराजमणि पोखरेलले पनि जरीवानामा परेका छन् । राप्रपाका रवीन्द्र मिश्र, एमालेका किरण पौडेल, काठमाडौं-४ बाट चुनाव लडेका एमालेका डा. राजन भट्टराई पनि खर्च विवरण नबुझाउनेको सूचीमा परेका छन् ।

## शशांकको चियापान...

पृष्ठ १ बाट जारी

यसैपटक' नाराका साथ १४औं महाधिवेशनमा उत्रिएका शेखर अहिले फेरि १५औं महाधिवेशनमा सभापतिको प्रत्यासी बन्ने अभियानमा छन् । कांग्रेस वृत्तमा शेखर देउवाको उत्तराधिकारी चर्चा बन्ने चर्चा चलेकै बेला शशांकले गरेको चियापानलाई अर्थपूर्ण रूपमा हेरिएको छ ।

### लैनचौरमा देखिएनन् विश्व

आइतबार नै सानेपामा चियापानको निम्तो बाँडिएको थियो । 'आदरणीय साथीहरू नेपाली कांग्रेसका नेता डा. शशांक कोइरालाले पर्सी बिहान ९ गते बिहान ९ बजे चियापानका लागि निम्तो गर्नुभएको छ । स्थान लैनचौर बैंक्वेट,' बैठक सकिनसाथ महामन्त्री विश्वप्रकाश शर्माले चियापानको निम्तो दिएका थिए । तर, अधिकांश नेता देखिँदा निम्ता दिने महामन्त्री विश्वप्रकाश भने चियापानमा देखिएनन् ।

## शेखरको...

पृष्ठ १ बाट जारी

नसक्ने भएकाले विकल्प खोज्नुपर्ने उनको धारणा थियो । 'यस्तो निर्वाचन प्रणाली बनाएका छौं, बहुमतको सरकार बनाउन सम्भव नै छैन । प्रत्यक्ष निर्वाचनबाट समानुपातिक चरित्रको निर्वाचन गर्न सक्दैनौं र ?,' शेखरले प्रश्न गरे । प्रत्यक्ष निर्वाचनमार्फत नै समानुपातिक र समावेशी बनाउन सकिने विकल्प प्रस्तुत गर्दै उनले भने, 'यही निर्वाचन प्रणालीबाट गठबन्धनमा त जानै पर्दछ । चुनावअघि गठबन्धन होइन, चुनावपछि गठबन्धन गर्ने गरी एक्लै चुनाव लड्न सक्छौं भन्ने आँट अहिलेदेखि गरौं ।'

### देखिएनन् गगन

कार्यक्रममा महामन्त्री थापालाई पनि निम्ता गरिएको थियो । तर, कार्यक्रमको अन्तिम समयसम्म महामन्त्री थापा देखिएनन् । डा. शेखर बोल्ने पालो आएपछि कार्यक्रम सञ्चालकसमेत रहेका नुवाकोट कांग्रेसका पूर्वसभापति जगदीश्वर नरसिंह केसीले व्यस्तताले थापा आउन नपाएको जानकारी दिए । त्यसपछि प्रमुख अतिथिका रूपमा उपस्थित शेखरले आफ्नो मन्तव्य सुरु गरे । उनले थापा नआउनुका कारण आफूलाई पनि थाहा नभएको बताए । 'गगनजी किन आउनुभएन भन्ने पनि होला । गगनजी र म बसेरै छलफल भएको हो कार्यक्रमका लागि,' शेखरले भने, 'फोन पनि लागेन । फोन पनि स्वीच अफ छ उहाँको ।'

१४औं महाधिवेशनमा एकै समूहबाट होमिएका शेखर र गगनबीच पछिल्लो समय टकराव बढ्न थालेको छ । गगन एक्लै गुट निर्माणतिर लाग्दा शेखर भने देउवातिर ढल्केका छन् । दुई नेताको तीक्तता साम्य पार्न कार्यक्रम आयोजना गरे पनि गगन नआएपछि कार्यक्रममा उनको खोजी भएको थियो ।

## सुशासनको...

पृष्ठ १ बाट जारी

राज्यविरुद्धको अपराध, संगठित अपराध, कीर्ते अपराधजस्तो जघन्य आरोपलाई दुःखद भनिदिए । उनले 'घरका छोराछोरीले अपराध गरे प्रहरी बोलाउँछौं कि बचाउँछौं ?' भन्दै आदर्शवादी कुरा नगर्न अर्को पक्षलाई चेतावनीसमेत दिए ।

सहमहामन्त्री डिना उपाध्याय महालक्ष्मी पनि खाणको बचाउमा उभिइन् । उनले एक साथीलाई अप्ठ्यारो पर्दा अरु साथीले सहयोग किन गर्ने भन्दै प्रश्न गरिन् ।

कांग्रेस केन्द्रीय कार्यसमिति बैठक देशका जल्दाबल्दा मुद्दामा केन्द्रित भएन । केन्द्रीय सरकारमा ठूलो भाग लिएको, सातै प्रदेशको सरकारमा रहेको, चार प्रदेशको नेतृत्व लिइरहेको, सबैभन्दा धेरै स्थानीय तह जितेको, प्रतिनिधिसभामा सबैभन्दा ठूलो दल हो, कांग्रेस । लोकतान्त्रिक प्रणालीबाट केन्द्रीय कार्यसमिति चयन गरेको र देशका हरेक परिवर्तनका आन्दोलनमा नेतृत्व गरेको दलको केन्द्रीय कार्यसमितिको बैठक भने नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएको जस्तो गम्भीर अपराधमा पुर्पक्षका लागि थुनामा रहेका नेताको बचाउमा केन्द्रित भयो ।

केन्द्रीय कार्यसमिति बैठकमा छलफलका लागि तय भएका १० वटा एजेण्डाभन्दा बाहिर गएर केन्द्रीय सदस्य तथा पदाधिकारीहरू खाणको बचाउमा उत्रिँदा सभापति देउवाले रोक्न चाहेनन् । पार्टीभित्रको विपक्षीलाई ठेगान लगाएको आत्मसन्तुष्टि लिए पनि फेसबुकमा लाइभ भइरहेको बैठकमा कसले के र किन बोल्यो भन्ने कुरा सार्वजनिक जानकारीमा आइसकेको छ । बैठकको लाइभले कांग्रेस नेताहरूले आफ्नो सुशासनविरोधी मुहार जनतामाझ छर्लंग देखाएका छन् ।

हुन त, कांग्रेसमा यसअघि पनि सुशासनका पक्षमा निर्णय भएको इतिहासले देखाउँदैन । किनकि, भ्रष्टाचार मुद्दामा विशेष अदालतमा मुद्दा चलिरहेका टेकबहादुर गुरुङ र विजयकुमार गच्छदारलाई गत मंसिरको चुनावमा पार्टीले टिकट दिएको थियो । गुरुङ मनाङबाट निर्वाचित भए पनि गच्छदार हारे । तर, विशेष अदालतबाट दोषी ठहर भएर गुरुङ संसदमा निलम्बित छन् । कांग्रेसले उनलाई दोषी मानेको छैन ।

खाण पक्राउ परेपछि नै कांग्रेसभित्रको एक समूह उनलाई निलम्बन गर्नुपर्छ भन्ने पक्षमा थियो । पुर्पक्षका लागि थुनामा गएपछि यो विषयले झन् बल पाएको थियो । तर, पार्टीको आधिकारिक बैठकमा यो समूह निकै कमजोर देखियो । खासगरी खाणलाई निलम्बन गर्नुपर्ने पक्षमा गगन, विश्वसहित केही नेताहरू थिए । एक हप्ता लामो बैठकमा पनि यही समूहका केही नेताहरूले मात्र यो विषयमा बोले । केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले कि खाणमाथिको कारबाही ठीक भन्नुपर्ने वा कांग्रेसले सरकार छाड्नुपर्ने बताएका थिए ।

शिवकोटीको आवाज फेसबुकबाट लाइभ भइरहेकाले देश र देशबाहिरका नेपालीले सुने पनि सभापति देउवा र उनीपक्षीय नेताहरूले सुनेजस्तो देखिएन । नेता शेखर कोइरालाले खाणको नाम नलिई सुशासनमा पार्टी प्रतिबद्ध हुनुपर्ने मात्र भने ।

तर, महामन्त्री थापाले भने सदस्यहरूले उठाएको प्रश्नको जवाफ दिनेक्रममा खाणलाई निलम्बन गर्नुपर्ने बताए । अर्का महामन्त्री विश्वप्रकाश शर्माले पनि छानबिनमा सहयोग पुऱ्याउनुपर्ने भन्दै घुमाउरो पारामा खाणको निलम्बन माग गरे । उपसभापति गुरुङले कसैको मुख नहेरी भ्रष्टाचारका ठूला काण्ड छानबिनमा प्रहरीले अग्रसरता लिनुपर्ने बताए ।

नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक (डिआइजी) हेमन्त मल्ल ठकुरीले संसद्को ठूलो दल कांग्रेस प्रजातन्त्रको पुनर्वहालीपछि नै अपराधीको संरक्षक बनेको बताउँछन् । भ्रष्टाचारी ठहर खुमबहादुर खड्का (दिवंगत), गोविन्दराज जोशी, चिरञ्जीवीकुमार वाग्लेलगायत नेतालाई कांग्रेसले पटक-पटक जोगाउने प्रयास गरेको तर नसकेको मल्लले बताए । यसपटक खाणलाई जोगाउने पक्षमा कांग्रेस प्रस्ट देखिएको उनको भनाइ छ ।

# 'आधुनिक खाद्य प्रणाली कमजोर सावित'

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले भोक र खाद्य असुरक्षाविरुद्धको लडाइँ अझै दृढताका साथ लड्नुपर्ने बताएका छन् । उनले हाम्रो खाद्य प्रणालीमा परिवर्तन गर्नु पनि भोकविरुद्धको लड्ने अस्त्र भएको धारणा राखेका छन् ।

संयुक्त राष्ट्र संघको खाद्य तथा कृषि संगठनको मुख्यालय इटालीको रोममा आयोजना भएको 'युनाटेड नेसन्स् फूड सिस्टम-२०२३ स्टकिङ मोमेन्ट'लाई मंगलबार सम्बोधन गर्दै प्रधानमन्त्रीले दिगो भविष्यका लागि मार्गप्रशस्त गर्न आधुनिक खाद्य प्रणाली कमजोर सावित भएकाले त्यसमा सुधार ल्याउनु जरुरी रहेको उल्लेख गरे ।

वर्तमान खाद्य प्रणालीले जैविक विविधतालाई क्षीण बनाएको, असमानता बढाएको, असमान उत्पादन र उपभोगलाई मात्रै प्रश्रय दिएको प्रधानमन्त्री दाहालको भनाइ छ । त्यस्ता प्रणालीले हरितगृह ग्यास उत्सर्जनमा बढावा दिएको, जलवायु परिवर्तनमा प्रभाव पारेको र परम्परागत अभ्यासलाई खण्डित गरेको उनले बताए ।

खाद्य प्रणालीका कारण नसर्ने रोगको वृद्धिले जनस्वास्थ्यमा नकारात्मक प्रभाव परेको स्पष्ट पार्दै प्रधानमन्त्रीले भने, 'खाद्य प्रणालीमा हामीले गर्ने परिवर्तनले मात्रै यस्ता विविध चुनौतीलाई सम्बोधन गर्न सकिन्छ ।'

प्रधानमन्त्री दाहालले खाद्य प्रणालीमा ल्याइने परिवर्तनले मात्रै जीविकोपार्जनमा सुधार, आर्थिक विकासमा बढावा दिई गुणस्तरीय जीवनयापनका लागि योगदान गर्न सकिने स्पष्ट पारे । उनले त्यस्तो रूपान्तरणले थप समतामूलक, लचिलो र दिगो खाद्य प्रणालीको नेतृत्व गर्ने विश्वास व्यक्त गरे ।

प्रधानमन्त्री दाहालले नेपालमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ मार्फत कानुनी दायरा तयार पारी दिगो खाद्य प्रणालीमा जोड दिएको जानकारी गराए । स्वास्थ्य, कृषि, खाद्य सुरक्षा र पोषणमा खाद्य सुशासन र नीतिमा तादम्यता ल्याउनका लागि सो व्यवस्था




एक महत्त्वपूर्ण साधन भएको प्रधानमन्त्रीको भनाइ छ । सन् २०२१ मा सम्पन्न 'युएन फुड सिस्टम समिट'ले तय गरेको मार्गनिर्देशअनुसार विद्यमान खाद्य प्रणालीमा रहेको कमजोरी पत्ता लगाई त्यसलाई सुधार गर्न र रूपान्तरणको मार्ग तय गर्न सरोकारवालासँग राष्ट्रिय र प्रादेशिकरूपमा सघन छलफल गरिएको प्रधानमन्त्रीको भनाइ छ ।

दिगो विकास लक्ष्यले तय गरेको लक्ष्यअनुसारको कामलाई सुव्यवस्थित रूपमा अगाडि बढाउनका लागि खाद्य प्रणाली रूपान्तरणसमबन्धी रणनीतिक योजना (सन् २०२२-२०३०) तयार पारी कार्यान्वयनमा ल्याइसकिएको प्रधानमन्त्री दाहालले जानकारी दिए । नेपाल किफायती, सुरक्षित, स्वस्थ र पौष्टिक आहारका लागि दिगो खाद्य शृंखला विकास गर्न प्रतिबद्ध रहेको प्रधानमन्त्रीको प्रस्टोक्ति छ । उनले कृषि उत्पादकत्वमा सुधार, स्थानीय खेतीको प्रवर्द्धन गर्दै फोहोररहित भण्डारणका लागि लगानी केन्द्रित गरेको बताए । सार्वजनिक-निजी साझेदारीमार्फत पूर्वाधारको विकास र मूल्य शृंखलामा सुधारका लागि प्रोत्साहित गरिएको प्रधानमन्त्रीको कथन छ ।

# 'राष्ट्रिय सुरक्षा र सेनाका विषयमा हल्का टिप्पणी नगरौं'

**काठमाडौं (प्रस)–** जानकारहरूले राष्ट्रिय सुरक्षा र सेनाजस्तो संवेदनशील विषयमा हल्का प्रतिक्रिया र पर्न सक्ने असरको आकलन नगरी टीकाटिप्पणी नगर्न सुझाव दिएका छन् ।

राष्ट्रिय सरोकार तथा समन्वय समितिको मंगलबारको बैठकमा 'राष्ट्रिय सुरक्षासम्बन्धी नीति, मापदण्ड, सुरक्षा निकायबीचको समन्वय, व्यवस्थापनमा देखिएका प्रमुख सवाल, समस्या तथा चुनौती र भावी कार्यदिशा' सम्बन्धी छलफलमा उनीहरूले यी दुवै संवेदनशील विषयमा उपयुक्त थलो र समयमा राष्ट्रिय सहमतिका आधारमा सम्बोधन गर्नु बुद्धिमानी हुने तर्क प्रस्तुत गरे ।

बैठकमा रक्षा मन्त्रालयका पूर्वसचिव देवेन्द्रप्रसाद सिटौलाले प्रत्यक्ष र अप्रत्यक्ष जिम्मेवारी बोकेको माथिल्लो अंगको रूपमा रहेको सेनाको मानमर्दन र भ्रम सिर्जना गर्ने काम कसैबाट हुन नहुने बताए । उनले भने, 'गहन अध्ययन र अनुसन्धानका आधारमा उपयुक्त थलो र समयमा यसको तय हुन्छ । यो गम्भीर विषय हो । स्थिरता, शान्ति र समृद्धिका लागि राष्ट्रिय सुरक्षा सुदृढ हुनुपर्छ ।'



राष्ट्रिय अनुसन्धान विभागका पूर्वप्रमुख देवीराम शर्माले राष्ट्रिय सुरक्षालाई बलियो बनाउन सूचना प्राप्तिका आधारमा रणनीति तय गरेर जान उपयुक्त हुने धारणा राखे । 'आतंकवाद, बहुपक्षीय सम्झौताका असर, नेपाललाई प्रभाव पार्ने विषय भएकाले सबैले त्यसप्रति चनाखो हुनुपर्छ । राष्ट्रिय सुरक्षाका बारेमा जानकार र प्रभावकारी व्यक्तिलाई विश्वासमा लिएर काम गर्नुपर्छ । त्यसो भएको खण्डमा राष्ट्रिय सुरक्षालाई सुदृढ तुल्याउन सहयोग पुग्छ,' उनले भने ।

द्वन्द्व समाधानसम्बन्धी विज्ञ डा. विष्णुराज उप्रेतीले राष्ट्रिय सुरक्षाको विषयलाई केही व्यक्ति र संस्थाले गम्भीररूपमा नलिएको बताए । उनले भने, 'राष्ट्रिय सुरक्षासम्बन्धी नीति, सम्झौतालगायतका महत्त्वपूर्ण दस्तावेजको सुरक्षा र संरक्षणमा राज्यले आवश्यक ध्यान पुऱ्याएको छैन ।'

नेपाली सेनाका पूर्वसहायक रथी अजित थापाले समय, परिस्थिति र कालखण्डका आधारमा राज्यले आफ्नो प्राथमिकता तय गरी आधिकारिक निकायमा छलफल र बहसका आधारमा विषयवस्तुलाई टुंगोमा पुऱ्याउन सक्नुपर्ने बताए । 'सुरक्षाको दृष्टिकोणबाट मौजुदा नीति र कानुनको सूक्ष्म मूल्यांकन तथा राष्ट्रिय सुरक्षाको आन्तरिक र बाह्य परिवेश विश्लेषण गरिनुपर्दछ,' उनले भने ।

सुरक्षासम्बन्धी जानकार गेजा शर्मा वाग्लेले राष्ट्रिय सुरक्षा नीति र विदेश नीतिमा राष्ट्रिय सहमति हुनुपर्ने बताए । समितिकी सभापति दिलकुमारी रावल थापाले राष्ट्रिय सुरक्षासम्बन्धी महत्त्वपूर्ण विषयमा सार्थक बहस गरी औचित्यपूर्ण निर्देशन दिन विज्ञसँग छलफल गरेको बताइन् ।

यसअघि बैठकमा सदस्यहरूले मुलुकको समग्र राष्ट्रिय सुरक्षा र सेनाको सफ्चाका विषयमा उठेका प्रश्नबारे जिज्ञासा राख्दै अराजनीतिक संस्थाका रूपमा रहेको सेनाका बारेमा तथ्य, प्रमाण र अध्ययन, अनुसन्धानबिना धारणा राख्न उपयुक्त नहुने बताए । उनहरूले राष्ट्रिय सुरक्षाका विषयमा दलबीच एकमत हुन आवश्यक रहेको भन्दै राष्ट्रिय सुरक्षा नीति सार्वजनिक गर्नुपर्ने, प्राथमिकताका आधारमा कार्यदिशा तय गर्नुपर्ने र अनुसन्धानका आधारमा कानुन बनाउनुपर्ने लगायतका विषय छलफलमा उठान गरेका थिए ।

# 'पत्रकार समाज र जनताप्रति जिम्मेवार बन्नुपर्छ'



**काठमाडौं (प्रस)**– प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले पत्रकार समाजप्रति जिम्मेवार बन्नुपर्ने बताएका छन् । उनले सामाजिक सञ्जालका कारण पत्रकार को हो ? भन्ने प्रश्न उठेकोले यसबारे प्रस्ट पार्नुपर्ने आवश्यकता औंल्याए ।

'समाज र जनताप्रति पत्रकारिताको ठूलो दायित्व हुन्छ । त्यसैले पत्रकारले आफ्नो धर्म छाड्न हुँदैन,' काउन्सिलले मंगलबार यहाँ आयोजना गरेको पत्रकार आचारसंहिता कार्यान्वयनको २८औं शृंखलामा अध्यक्ष बस्नेतले भने ।

उनले राज्य र अन्य निकायले नसुनेका समस्या सञ्चारमाध्यमले उजागर गर्नुपर्नेमा जोड दिए । 'सरकार र विभिन्न क्षेत्रले नसुनेका कुराहरू सञ्चारमाध्यममा आइदिए हुने थियो भन्ने धेरैको चाहना हुन्छ, सत्य कुरा बाहिर ल्याउनका लागि सञ्चारमाध्यमको भर परेका हुन्छन्,' उनले भने, 'पत्रकारिताले आफ्नो धर्म छोड्यो र आचारसंहिताको पालना नगर्ने हो भने समाज र जनताले गरेको विश्वासप्रति ठूलो धोका हुन्छ ।'

नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले नेपाली पत्रकारिता क्षेत्रलाई श्रम शोषणमुक्त क्षेत्र हो भन्ने भाष्य स्थापना गर्न जरुरी भएको बताए । 'अन्य क्षेत्रमा पनि श्रमको उचित मूल्य पाएका छैनन्, तर त्यो आवाज उठाउने सञ्चार क्षेत्रमा श्रमको शोषण हुनु हुँदैन,' उनले भने, 'अरूका लागि पनि आवाज उठाउने सञ्चार क्षेत्रमै समस्या भयो भने कसरी आवाज उठाउन सकिन्छ ?'

पत्रकारिताप्रतिको जनविश्वास अझ बढाउने गरी काम गर्नका लागि सञ्चारगृह सञ्चालकलाई आग्रह गर्दै उनले पत्रकारिताको स्तर खस्किन नदिने गरी काम गर्नुपर्ने र त्यसका लागि पत्रकारको क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता औंल्याए । श्रमको सम्मान गर्दै आर्थिकरूपमा सक्षम भएर मात्र सञ्चारमाध्यम सञ्चालन गर्नुपर्नेमा उनले जोड दिए । साथै, श्रमिकले काम गरेबापत पैसा लिन अदालतमा मुद्दा हाल्न जानुपर्ने अवस्था सही नभएको उनको भनाइ छ ।

'मिडियामा काम गर्ने अनि पैसा लिन अदालतमा गएर मुद्दा हाल्नुपर्ने अवस्था छ,' उनले भने, 'अदालतले आदेश दिँदा पनि श्रमजीवि पत्रकारले पैसा नपाएको अवस्था देखिएको छ ।' उनले श्रमिक र सञ्चालकबीच न्यायिक सम्बन्ध हुनुपर्नेमा जोड दिँदै त्यो भनेको श्रमको सम्मान भएको बताए ।

महासंघका पूर्वअध्यक्षद्वय तारानाथ दाहाल र डा. महेन्द्र विष्टले पनि पत्रकारले आचारसंहिताको प्रभावकारी कार्यावन्यन गर्नुपर्ने विषयमा आ-आफ्नो प्रस्तुति दिए । काउन्सिलले पत्रकार आचारसंहिताको प्रभावकारी कार्यान्वयन र पालना गराउने उद्देश्यले ४६ वटा अनलाइनका प्रकाशक र सम्पादकलाई अभिमुखीकरण गराएको छ । काउन्सिलले हालसम्म ८७६ अनलाइनलाई पत्रकार आचारसंहिताको कार्यान्वयन र पालनाका लागि अभिमुखीकरण गराइसकेको आचारसंहिता अनुगमन महाशाखाका प्रमुख रामशरण बोहराले जानकारी दिए ।

# पुष्पलालको योगदानलाई बिर्सन नहुनेमा जोड

**काठमाडौं (प्रस)**– नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको योगदानलाई बिर्सन नहुने एक कार्यक्रमका वक्ताहरूले बताएका छन् । पुष्पलालको ४५औं स्मृति दिवसका सन्दर्भमा नेपाल प्रज्ञा-प्रतिष्ठान र नेपाल वैकल्पिक अध्ययन समाज (नार्स)ले गत आइतबार आयोजना गरेको अन्तरक्रियामा बोल्ने वक्ताहरूले पुष्पलालको योगदानको चर्चा गरेका हुन् ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै रामचन्द्र श्रेष्ठले तत्कालीन नेपाली समाज र परिवेशमा पुष्पलालले स्थापना गरेको नेपाल कम्युनिस्ट पार्टीको इतिहास र नौलो जनवादी कार्यदिशाबारे चर्चा गरे । उनले राजनीतिक, साहित्यिक, सांस्कृतिक, सामाजिक र नागरिक अधिकारप्रति सचेत रहन पुष्पलालले पुऱ्याएको योगदान अविष्मरीय रहेको बताए । पुष्पलालबाट नेपालका कम्युनिस्टहरूले सिक्नुपर्ने र



रूपान्तरण हुनुपर्ने विषयका बारेमासमेत उनले आफ्नो प्रस्तुतिका क्रममा चर्चा गरेका थिए ।

कार्यपत्रमाथि टिप्पणी गर्दै नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्दले पुष्पलालले सामन्तवाद र पुँजीवादविरुद्ध कम्युनिस्ट पार्टी स्थापना गर्नु नै ऐतिहासिक क्रान्ति भएको बताए । नेपालको कम्युनिस्ट आन्दोलनलाई दलाल पुँजीवादबाट बचाउँदै समाजवाद स्थापना गर्न संघर्षरत रहनुपर्नेमा उनले जोड दिए । समाजवाद स्थापनापछि मात्रै नेपालका श्रमजीवी वर्गले मुक्ति पाउने महासचिव चन्दको तर्क छ ।

प्रतिष्ठानका सदस्यसचिव डा. धनप्रसाद सुवेदीले पुष्पलालको विचार र दृष्टिकोण अहिले पनि सान्दर्भिक रहेको बताए । नेकपा समाजवादीकी नेता करूणा पराजुलीले पुष्पलालले भनेझैं पुँजीवादी बाटोको पतन र समाजवादको बाटो नै सही भएको बताइन् । जसमा नेपाली मौलिकतासहित श्रमजीवी जनताका लागि मुक्ति आन्दोलनको महत्त्व झन् बढेर गएको उनको भनाइ छ ।

नेकपा एमालेका नेता डा. दीपकप्रकाश भट्टले कार्यक्रममाथि टिप्पणी गर्दै दलाल पुँजीवादबारे जनतालाई सही ढंगले बुझाउन नसके समाजवादमा पुग्न कठिन हुने बताए । आ-आफ्ना ढंगले नेपाली वर्गको विश्लेषण गर्ने र एकआपसमा आरोपप्रत्यारोप लगाउने चरित्र हाबी भएको उनले बताए । 'यसभन्दा माथि हामी उठ्न सक्नुपर्छ,' उनले भने ।


## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस **ट्रु हयूमेन रिसोर्स प्रा.लि.** (ई.नं. १६०७/०७९/०८) CRC नम्बर: ३०६२६५/०७९/०८०० मा सुश्री सोनिया राई (नागरिता नम्बर ०३-०१-७७-०३३४३) कम्प्युटर अपरेटर पदमा काम गर्दै आउनु भएको र उहाँ बिना जानकारी आफ्नो मनोमानि सहिसाबले २०८० साल साउन २ गतेबाट कार्यलयमा अनुउपस्थित रहि कार्यलयको कार्यलाई बाधा अर्चन आउन र हुन गएको समस्याका कारण उहाँलाई पटक-पटक ताकेता गर्दानी सम्पर्कमा नआएको हुनाले आज मिति २०८० साल साउन ९ गतेबाट यस कार्यलयबाट हटाइएको जानकारी गराउँदछु । साथै यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्राति मा सम्पर्क गर्न आउनुहोला ।

**TRUE HUMAN RESOURCE PVT. LTD.**

श्रम ईजाजत नं. १५६०७/०७९/०८०

Airpot Gate, Prakash Sanyas Aashram Marga, Kathmandu, Nepal, Tel: +977-5911977/5911978
E-mail : info@thrnepal@gmail.com, truehrnpl@gmail.com


## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०४/१० गते)

आइते सिं घलानकी नातिनी, इमान सिं घलानकी छोरी, जीत बाहादुर बज्यूकी पत्नी मकवानपुर जिल्ला भिमफेदी गा.पा, वडा नं ०३ बस्ने मुरली बज्यूको मिति २०७९/०६/३१ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको हेटौडा शाखामा रहेको मुरली बज्यूका को खाता नं.०५८०१७९८५४६००००१मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाका श्रिमानले यस बैंकको हेटौंडा शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालयमा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय हटौंडा, मकवानपुर फोन नं. ०५७-५२४१४३/२४३

नेपाल सरकार
**खानेपानी मन्त्रालय**
**खानेपानी तथा ढल व्यवस्थापन विभाग (DWSSM)**
**एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना**
पानीपोखरी, काठमाडौं, नेपाल

## बुटवल उप-महानगरपालिकामा निर्माण हुने एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षणको तयारीको सार्वजनिक सुनुवाइको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०४/१०)

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका कार्यालय, बुटवल-७, रुपन्देही, नेपालमा एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना पानीपोखरी, काठमाडौं, नेपालबाट निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना पानीपोखरी, काठमाडौं, फोन नं: ०१-४४१३७४४ ई-मेल: **iwssmp@gmail.com** |
| **प्रस्तावको व्यहोरा** | बुटवल उपमहानगरपालिकाको कार्यालय, बुटवल-७, शिवनगर, रुपन्देही, नेपालमा निर्माण तथा सञ्चालन हुने दिसाजन्य फोहोर प्रशोधन केन्द्र (FSTP) तथा इन्सिनिरेटर |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा.** | बुटवल उपमहानगरपालिका कार्यालय, बुटवल-७, रुपन्देही, नेपाल |
| **परामर्शदाता** | Building Design Authority P. Ltd. - SWS Consulting Engineering र SAP Water Energy & Developers को संयुक्त उपक्रम ओशो भवन, कमलादी, काठमाडौं । फोन: ०१-४२२७३९३ ई-मेल: **iwssmp.p2@gmail.com** |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा वातावरण संरक्षण ऐन २०७६, को दफा ३ को उपदफा ५ बमोजिम सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाहरुसँग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाइ गर्नुपर्ने प्रावधान बमोजिम निम्न लिखित स्थान, मिति र समयमा सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना हुने भएकोले उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमूल्य राय-सुझावहरु दिनुहुन अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाइ हुने स्थान, मिति र समय**

| | |
|---|---|
| **स्थान** | **बुटवल उपमहानगरपालिका कार्यालय, बुटवल-४, रुपन्देही, नेपाल** |
| **मितिः** | २०८०/०४/१२ |
| **समयः** | **दिनको २:०० बजे** |


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **KRUVENT INDUSTRIES (M) SDN. BHD.**

पूर्व स्वीकृति मिति २०७९/०३/२७ पूर्व स्वीकृति मिति २०८०/०४/०९ LT. No. 267226 चलानी नं.६०१८३०९३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Manufacturings | 30 | 0 | 1500 | ४३११७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः २०८० साउन १७ गते (2nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः नि:शुल्क**-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Richhood Overseas Inc. Pvt. Ltd.**

Govt. License 539/061/062

P.O.BOx: 11716, Basundhara, Kathmandu, Nepal
Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KAYAN AL MUTAMAYEZ COMPANY FOR BLACKSMITH & ALUMINIUM

पूर्व स्वीकृति मिति २०८०/०३/०३ पूर्व स्वीकृति मिति २०८०/०४/०९ LT. No. 287911 चलानी नं. ६०२०२५५१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | PAINTER | 1 | 0 | 1200 | ४१९४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १७ गते (2nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**NABIL OVERSEAS PVT LTD.**

श्रम ईजाजत नं. ३५९/०५९/०६०

Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PRINT SPEC SOLUTION SDN BHD**

पूर्व स्वीकृति मिति : २०८०/०४/०९ LT. No. 289936 चलानी नं. ६०२०५१६७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker (Manufacturing Sec.) | 6 | 0 | 1500 | ४३,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १७ गते (2nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**KHOJI RECRUITMENT SERVICES PVT. LTD.**

Govt. License 902/067/68

Bijaybasti, Sanepa-2, Lalitpur, Contact: 01-5455896, 5455792
Email: khoji.nepal2022@gmail.com


नेपाल सरकार
**वन तथा वातावरण मन्त्रालय**

कर्णाली प्रदेश जाजरकोट जिल्लाको कुशे गाउँपालिकालाई प्रभावित पार्ने गरि श्री सडक विभाग, योजना अनुगमन तथा मूल्यांकन शाखा प्रस्तावक रहेको लुम्बिनी-रारा-मुगु सडक (रुकुम-जाजरकोट खण्ड ५२.८ कि.मि.) आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदनमा राय सुझावको लागि सार्वजनिक सूचना आह्वान गरिएको सम्बन्धमा ।

## सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति :– २०८०/०४/१०**

प्रस्तावक श्री सडक विभाग, योजना अनुगमन तथा मूल्यांकन शाखाद्वारा स्थारोन्नती तथा नयाँ निर्माणका लागि प्रस्तावित लुम्बिनी-रारा-मुगु सडक (रुकुम-जाजरकोट खण्ड ५२.८ कि.मि.) आयोजना हो । प्रस्तावित आयोजना जाजरकोट जिल्लाको कुसे गाउँपालिकाको वडा नम्बर ५ पाँचकटियाबाट सुरु भई कुशे गाउँपालिका वडा नम्बर ८ बेहुलीढुंगामा टुगिन्छ।आयोजना क्षेत्रका मुख्य वस्तीहरूमा पाँचकटीया, दम्दाला, ढिमे, खुर्पा, जहरगाउँ, समाकोट, नारे, छेडा र रातामाटा हुन् । आयोजनाले विद्यमान माटे सतहको सडकलाई कालोपत्रे सडकमा रूपान्तरण गर्ने प्रस्ताव गरिएको छ।प्रस्तावित आयोजना समुद्रीसतहबाट १६०० देखी ४०९७ मिटरको उचाइसम्म पर्दछ।

सडकको क्षेत्राधिकार मध्यविन्दुबाट दुवैतिर १५/१५ मिटर Formation width ८.५ मिटर Carriageway ७ मिटर Shoulder width दुवैतिर ०.७५ मिटर Design Speed ३० कि.मि./घण्टा Side Drain १ मिटर Average Gradient ७ प्रतिशत Maximum Gradient १२ प्रतिशत हुनेछ भने मुख्य संरचनाहरूमा पाइप कन्भर्ट ९०० मिटर व्यास भएका १२४ वटा, ६ मिटर स्पान लम्बाइका ८ वटा स्ल्याव कल्भर्ट, पुल २ वटा आदि रहेका छन्।

प्रस्तावित आयोजनाका निमित्त ६३.०२ हेक्टर जमिन आवश्यक पर्नेछ जसमध्ये स्थायी रूपमा ५८.७२ हेक्टर (वन क्षेत्र ४०.६८ हेक्टर र निजी १८.०४ हेक्टर) प्रयोग हुने र अस्थायी रूपमा ४.३ हेक्टर जमिन (वन क्षेत्र ३.५ हेक्टर र निजी ०.८ हेक्टर) आवश्यक पर्ने जुन स्वामित्वको आधारमा सरकारी वन क्षेत्र ४४.१८ हेक्टर व्यक्तिगत स्वामित्वको १८.८४ हेक्टर आवश्यक पर्ने भनि प्रतिवेदनमा उल्लेख गरिएको छ।

अतः वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ को उपनियम (६) बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन पढ्न वा उतार गरी लैजान पाउने व्यवस्था रहेकोले श्री सडक विभाग, योजना अनुगमन तथा मूल्यांकन शाखाद्वारा स्तरोन्नती तथा नयाँ निर्माणका लागि प्रस्तावित लुम्बिनी-रारा-मुगु सडक (रुकुम-जाजरकोट खण्ड ५२.८ कि.मि.) आयोजना प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन अध्ययन प्रतिवेदन देहाय बमोजिमका स्थानहरूमा सार्वजनिक गरिएको र वन तथा वातावरण मन्त्रालयको website:www.mofe.gov.np मा समेत सार्वजनिक गरिएको छ ।

प्रतिवेदनमा उपयुक्त राय सुझाव प्राप्त भएमा यस मन्त्रालय उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा त्यस्ता राय-सुझावहरूलाई समेत ध्यानमा राखिनेछ।उक्त प्रतिवेदन सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र आफ्नो राय सुझाव निम्न ठेगानामा पठाई दिनु हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरू :**

**श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं ।**
**श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय, बबरमहल, काठमाडौं ।**
**श्री आदिवासी तथा जनजाति महासंघ नेपाल, कुसुन्ती, ललितपुर । (फोन नं. कुसुन्ती-५५५५४५४, महाराजगंज-४४१५३७६)**
**श्री जिल्ला समन्वय समितिको कार्यालय, खलङ्गा, जाजरकोट ।**
**श्री कुशे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, थर्पु, भार्मा, जाजरकोट ।**

**राय सुझाव पठाउने ठेगाना**
**वन तथा वातावरण मन्त्रालय,**
**वातावरण प्रभाव अध्ययन शाखा,**
**सिंहदरबार, काठमाडौं । फो.नं. ०१-४२११५६७, ४२११६३८**
**फ्याक्स नं. ०१-४२११८६८**
**ईमेलः**- info@mofe.gov.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### पारदर्शिता गफमा हैन, काम देखाऊ

**प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन परिणाम आएको करिब आठ महिना पुगिसकेको छ । दुवै तहको निर्वाचन मंसिर ४ गते सम्पन्न भएको थियो। मतदान सम्पन्न भएको ३५ दिनभित्र उम्मेदवारले चुनावी खर्च आयोगलाई बुझाउनुपर्ने आयोगको ऐनमा रहेको छ । पारदर्शिताका गफ दिएर धेरैजसो नेता निर्वाचन जितेर संसद्मा छिरिसकेका छन् । तर, उनीहरूले मतदान सकेको आठ महिना पूरा हुँदा पनि निर्वाचनको खर्च विवरण बुझाएका छैनन् । अझ अचम्म त युवा नेता जो देश बदल्ने र समयमै काम फत्ते गर्छु भनेर धमास दिनेहरू नै खर्च नबुझाउने सूचीमा देखिए ।**

**खर्च नबुझाउने चर्चित नेतामा नेपाली कांग्रेसका महामन्त्री गगन थापा पनि रहेका छन् । गगन ती नेता हुन् जो कांग्रेसमा हरेक कार्यक्रमहरू समयमै हुनुपर्ने माग राख्छन् । समयमै महाधिवेशन हुनुपर्ने, केन्द्रीय समिति बैठक हुनुपर्ने मागसहित उनले केन्द्रीय समिति बैठकमा पार्टीको क्यालेण्डरसमेत प्रस्ताव गरेका छन् । उनै गगन तोकिएको समयमा खर्च विवरण नबुझाउँदा १५ हजार जरिवानामा परेका छन् । चर्चित नेताका लागि १५ हजार रूपैयाँ केही होइन तर पारदर्शिता कानुनका पालना महत्त्वपूर्ण विषय हो । यसरी आयोगलाई अटेरी गर्ने अर्का चर्चित नेता हुन् राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र । हुन त उनी निर्वाचनमा पराजित बने तर सुशासनको गफ दिने नेतामा उनी पनि पर्छन् । यसरी गफैगफ दिने तर व्यावहारिक नबनेर जरिवानामा परेका छन् नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरू पनि । छोटो समय शिक्षामन्त्री बनेका शिशिर खनाल, रास्वपा संसदीय दलका उपनेता विराजभक्त श्रेष्ठ, सोविता गौतम, गणेश पराजुली जरिवाना तिर्नुपर्ने सूचीमा परेका छन् ।**

**यसो त चार जना मन्त्रीहरू पनि कारबाहीको सूचीमा छन् । निर्वाचन (कसूर तथा सजाय)ऐन, २०७४ को दफा ३१ को उपदफा (२) बमोजिम आयोगले उनीहरूलाई जरिवाना तोकेको हो । राज्यको माथिल्लो निकायमा बस्ने तर समयमा खर्च विवरण नबुझाउनु लज्जाको विषय हो । गत भदौमा निर्वाचन आयोगले एउटा निर्णय गरेको थियो जसले गर्दा स्थानीय निर्वाचनमा समयमा खर्च विवरण नबुझाएकाले प्रतिनिधिसभा र प्रदेशसभामा उम्मेदवार बन्न पाएनन् । यस्तै कारबाही सांसदहरूलाई पनि हुनुपर्ने हो । खर्च विवरण नबुझाउने सांसदको पारिश्रमिक रोक्ने, मन्त्री भएकाहरूलाई सरकारबाट पदमुक्त गर्नुपर्ने सजाय थप्नुपर्ने हो । तर 'सानालाई ऐन, ठूलालाई चैन' थिति बसेको देशमा कसले गर्ने यस्तो सजायको व्यवस्था ?**

# घट्दो निर्यात र बढ्दो आयातले ल्याउने असन्तुलन



▶▶ विष्णुप्रसाद खनाल

> नेपालको संविधानले आयात व्यवस्थापन र निर्यात प्रवर्द्धनको क्षेत्रमा वैदेशिक पुँजी र प्रविधिको लगानीलाई प्रोत्साहन गर्ने नीति लिएको छ । वस्तु तथा सेवाको निर्यातको तुलनामा आयातको आकार ठूलो र फराकिलो रहेको तथा निर्यात विस्तार प्रायः स्थिर भएकोले व्यापार घाटा निरन्तर बढिरहेको भएता पनि विप्रेषण आयका कारण नेपालको शोधानान्तर स्थिति विगतका अधिकांश वर्षहरूमा बचतमा रहेको तथ्यांक छ ।

कुनै पनि देशबाट वस्तु तथा सेवा उत्पादन देशबाहिर पठाउने काम गरिन्छ भने त्यो निर्यात र विदेशबाट ल्याइने वस्तु तथा सेवा आयात हो । नेपालको सन्दर्भमा आयात उच्च छ भने निर्यात विस्तारै घट्दो क्रममा छ । देशभित्र उत्पादन नभएपछि वा त्यो उत्पादनले जनतालाई नपुग्ने अवस्था आएपछि वस्तु तथा सेवा आयात गरिन्छ । कहिलेकाहीँ देश र जनतालाई विलासिताका सामानहरूमा रूचि बढ्दै जाँदा त्यस देशले उक्त वस्तु तथा सेवाको आयात गर्नुपर्ने अवस्था देखापर्दछ । जब आयात बढ्दै जान्छ तब त्यो वस्तु तथा सेवाको सट्टामा देशको पैसा बाहिर जान्छ र देश विस्तारै गरिब बन्दै जान्छ जसलाई नेपालको वर्तमान अवस्थासँग जोडेर हेर्दा पनि देशमा असन्तुलनको अवस्था देखिन्छ ।

नेपाल राष्ट्र बैंकले जारी गरेको आर्थिक वर्ष २०७९/८० को ११ महिनाको तथ्यांकलाई हेर्दा उक्त अवधिमा कूल वस्तु निर्यात २२.७ प्रतिशतले कमी आई एक खर्ब ४३ अर्ब ५९ करोड रूपैयाँ कायम रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ५३.३ प्रतिशतले वृद्धि भएको थियो । विवरणअनुसार भारततर्फ भएको निर्यात ३२.२ प्रतिशतले कमी आएको छ भने चीन तथा अन्य मुलुकतर्फको निर्यात क्रमशः १०६.७ प्रतिशत र ९.९ प्रतिशतले वृद्धि भएको छ । यसले के कुरा संकेत गर्दछ भने नेपालको निर्यात विस्तारै घट्दो क्रममा छ । जिंक सिट, पार्टिकल, बोर्ड, अलैंची, तयारी पोसाकलगायतका वस्तुको निर्यात बढ्दै गर्दा सोयाविन तेल, पाम तेल, पिना, लत्ताकपडा, सुनचाँदीका समान र गरगहनालगायतका वस्तुको निर्यात घटेको छ ।

नेपालले भारतलगायत तेस्रो मुलुकमा हस्तकलाका सामग्रीहरू निर्यात गर्ने गर्दछ । शिल्पकलाका वस्तुहरूसमेत निर्यात तथा हस्तकलाका वस्तुहरू खासगरी अमेरिका, बेलायत, जर्मनी, फ्रान्स, नेदरल्याण्ड, ताइवान, सिंगापुर, जापान, हङकङ, क्यानडा, इटाली र अस्ट्रेलिया जस्ता देशहरूमा निर्यात गर्ने गर्दछ । क्षेत्रफलको हिसावले विश्वको ९३औं देश नेपाल, चिया उत्पादनको दृष्टिले २१औं नम्बरमा पर्ने गर्दछ । नेपालको २८ हजार ५०० हेक्टर जमिनमा वर्षेनी करिब २५ हजार टन चियाको उत्पादन हुन्छ । विदेशी बजारमा नेपाली चिया र कफीको राम्रो माग रहेता पनि मागअनुसारको आपूर्ति गर्न सकिएको छैन । नेपाली चिया र कफी खासगरी जर्मनी, जापान, फ्रान्स, इटली, हङकङ, बेलायत, स्वीटजरल्याण्ड, अस्ट्रेलिया, नेदरल्याण्ड र अमेरिकाजस्ता देशमा निर्यात हुने गर्दछ । नेपालले छाला र छालाका उत्पादनहरू समेत विदेशमा निर्यात हुने गर्दछ ।

छालाबाट बनेका वस्तुहरू अमेरिका, जापान, पाकिस्तान, इटली नेदरल्याण्ड, स्वीटजरल्याण्ड, ब्राजिल, बेलायत, स्पेन, ताइवान, सिंगापुर र हङकङ नेपाली छाला र छालाका उत्पादनहरूको प्रमुख निर्यात बजार हो । नेपालले औषधिका लागि चाहिने जडीबुटी र आवश्यक तेलसमेत निर्यात गर्ने गर्दछ । यस्ता सामग्रीहरू खासगरी जर्मनी, जापान, पाकिस्तान, इटली, फ्रान्स, अमेरिका, युएई, बेलायत, स्वीटजरल्याण्ड, स्वीडेन र अस्ट्रेलियामा यसको निर्यात हुने गर्दछ ।

त्यसैगरी हातले बुनेको उनीका कार्पेटहरू समेत निर्यात हुने यसको खपत जर्मनी, बेलायत, अस्ट्रेलिया, स्वीटजरल्याण्ड, स्पेन, कोरिया रसियामा हुने गर्दछ तर त्यसले प्रभावकारी रूपमा बजार ओगट्न सकेको छैन । त्यसैगरी रेडिमेड गार्मेन्टसमेत नेपालबाट निर्यात हुने गर्दछ । नेपाली कपडाको मूख्य निर्यात बजार, अमेरिका, क्यानडा, जर्मनी, फ्रान्स, नेदरल्याण्ड, बेलायत, स्वीटजरल्याण्ड, स्पेन इटली र अस्ट्रेलियामासमेत यसको निर्यात हुने गर्दछ । त्यसको अलावा, नेपाली कागज र कागजका उत्पादनहरू विदेशी बजारमा प्रख्यात छन् । यसको निर्यातबजार अमेरिका, जापान, क्यानडा र युरोपियन देशहरू पर्दछन् । त्यसैगरी मह पनि नेपालको निर्यातयोग्य वस्तु हो यसको प्रमुख बजार, बेलायत, कोरिया, जर्मनी, जापान, हङकङ र पोल्याण्डमासमेत यसको निर्यात हुने गर्दछ । त्यसैगरी पश्मिना उत्पादन सबैभन्दा बढी अमेरिकामा निर्यात गरिन्छ त्यसको साथै, यसको खपत बजार जापान, बेलायत, जर्मनी, दक्षिण कोरिया, इटली क्यानडा र स्वीटजरल्याण्डमा पनि निर्यात गर्ने गरिन्छ ।

त्यसैगरी फूलका उत्पादन पनि नेपालबाट निर्यात गर्ने गरिन्छ । नेपाली फूल तथा फूलका उत्पादनहरूको बजार भारत, जापान, पाकिस्तान, कतारलगायत देश छन् । त्यसको अलावा नेपालबाट मसलासमेत उत्पादन तथा निर्यात हुने गर्दछ । भारत नेपाली मसलाको परम्परागत बजार रहेको छ भने भारतको अतिरिक्त, पाकिस्तान, सिंगापुर, जर्मनी, ताइवान र बंगलादेशमा निर्यात हुने गर्दछ । त्यसैगरी नेपालबाट दालसमेत निर्यात हुने गर्दछ । अन्य दालहरूमध्ये नेपाली दालको अन्तर्राष्ट्रिय बजारमा ठूलो माग रहेको छ । क्यानडा, भारत, टर्की र अस्ट्रेलियामा पनि नेपाल विश्वको सबैभन्दा ठूलो दाल उत्पादक पनि हो ।

भारत, बंगलादेश, श्रीलंका, जर्मनी, सिंगापुर, कोरिया र बेलायतमा नेपाली दाल खपत हुने गर्दछ । यसरी हेर्दा नेपालबाट प्रमुखरूपमा भटमासको प्रशोधित तेल, उनी गलैंचा कार्पेट, सिन्थेटिक यार्न धागो, अलैंची, रेडिमेड गार्मेन्ट, जुट र जुटका समान, फलफूलको जुस, जमोठ कपडा, चिया र अन्य सुती टेलिकटनको निर्यात गर्दै गर्दा यस्ता वस्तुहरूको उत्पादनमा सरकारी अनुदान तथा सहायता हुनुपर्ने र यसको प्रवर्द्धनका लागि राज्यले विशेष नीति ल्याउनुपर्ने देखिन्छ ।

त्यसैगरी आयाततर्फ हेर्दा अभिलेखअनुसार आर्थिक वर्ष २०७९/८० को ११ महिनको कूल आयात १६ प्रतिशतले कमी आई १४ खर्ब ८० अर्ब ९८ करोड रूपैयाँ कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात २७.५ प्रतिशतले बढेको थियो । तथ्यांकअनुसार वस्तु आयात गरिने मुलुकको आधारमा भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमशः १४.८ प्रतिशत, १७.१ प्रतिशत र १८.५ प्रतिशतले कमी आएको छ । त्यसैगरी वस्तुगत आधारमा हेर्दा रासायनिक मल, स्पोञ्ज आइरन, सुन, कागज, स्टेसनरी समानलगायतका वस्तुको आयात बढेको छ भने सवारीसाधन तथा स्पेयर पार्टस्, एमएस विलेट, औषधि, कच्चा भट्टमासको तेल, अन्य मेसिनरी तथा पार्टस्लगायतका वस्तुको आयात घटेको छ । यसरी हेर्दा नेपालमा अहिले पनि निर्यातको तुलनामा आयात अत्यधिक छ ।

नेपालले सबैभन्दा बढी डिजेल आयात गर्ने गर्दछ भने त्यसपछि एमएस बिलेट आयात गर्ने गर्दछ । त्यसैगरी, भटमासको कच्चा तेल, मोबाइल टेलिफोन, एलपी ग्यास, पेट्रोल, रेडिमेट गार्मेन्ट, पोलिथिन दाना, चामल, र सुन आयात गर्दछ । नेपालले निर्यात गर्ने वस्तुहरूबाट प्राप्त हुने अम्दानीले केवल डिजेल खरिद गर्नमात्र पुग्ने अवस्था देखिन्छ । अर्थात् आयात र निर्यातबीच ठूलो फरक रहेको छ । आयात-निर्यातको दृष्टिले हेर्दा नेपालको भौतिक पूर्वाधार नाजुक छ, कृषिक्षेत्र व्यावसायिक हुन सकेको छैन । निर्यात कृषि तथा प्राथमिक वस्तुहरूमा सीमित हुन पुगेको छ भने तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमता उच्च भएका वस्तुहरूको विशिष्टीकरण हुन सकेको छैन । राज्यले खासगरी उत्पादनमूलक क्षेत्रमा लगानी बढाउन सकेको छैन भने राजनीतिक अस्थिरताका कारण मानिसहरूले लगानी गर्नसमेत डराएको अवस्था छ । नेपालको १५औं योजनाले आयात निर्यातको व्यवस्थापनको सन्दर्भमा सन्तुलित वैदेशिक व्यापार, पर्याप्त विदेशी मुद्रा सञ्चिति र बाहृय क्षेत्र स्थायित्वसहितको सुदृढ अर्थतन्त्रको निर्माण गर्ने सोच राखिएको छ भने निर्यात प्रवर्द्धन, वैदेशिक व्यापार सन्तुलन र शोधानान्तर बचत कायम गर्ने लक्ष्य समेत तय गरिएको छ ।

१५औं योजनाले उत्पादन अभिवृद्धि, आयात व्यवस्थापन तथा निर्यात प्रवर्द्धनका लागि देशगत तथा वस्तुगत विविधीकरण गरी व्यापार घाटा कम गर्ने, विदेशी विनिमय स्थिरता, बाहृय क्षेत्र स्थिरता तथा लक्षित विदेशी मुद्रा सञ्चिति कायम गर्ने उद्देश्यसमेत तय गरेको थियो । निर्धारित सोच, लक्ष्य र उद्देश्य पूरा गर्ने सवालमा योजनाले तुलनात्मक लाभ भएका कृषि, जडीबुटी, जलविद्युत् तथा पर्यटनजस्ता क्षेत्रको विकासगरी वस्तु तथा सेवाको उत्पादन अभिवृद्धि गर्ने, वस्तु तथा सेवाको उत्पादन अभिवृद्धि र अनावश्यक आयात नियन्त्रण गरी आयात व्यवस्थापन गर्ने, वस्तुगत तथा देशगत निर्यात बजार विस्तार तथा विविधीकरण गर्ने, शोधानान्तर स्थिति र बाहृय क्षेत्र सन्तुलन कायम गर्ने लक्ष्य रहेको छ । तर, विडम्बनाको विषय के हो भने योजनाको अवधि सकिँदै गर्दासमेत लक्ष्य पूरा हुन सकेनन् ।

नेपालको संविधानले आयात व्यवस्थापन र निर्यात प्रवर्द्धनको क्षेत्रमा वैदेशिक पुँजी र प्रविधिको लगानीलाई प्रोत्साहन गर्ने नीति लिएको छ । वस्तु तथा सेवाको निर्यातको तुलनामा आयातको आकार ठूलो र फराकिलो रहेको तथा निर्यात विस्तार प्रायः स्थिर भएकोले व्यापार घाटा निरन्तर बढिरहेको भएता पनि विप्रेषण आयका कारण नेपालको शोधानान्तर स्थिति विगतका अधिकांश वर्षहरूमा बचतमा रहेको तथ्यांक छ । आ.व. २०७५/७६ मा वस्तु तथा सेवा व्यापार घाटा कूल गार्हस्थ उत्पादनको ३८.८ प्रतिशत रहेको थियो । त्यसैगरी अल्पकालीन, मध्यमकालीन, दीर्घकालीन नीति तथा कार्यक्रमहरूबाट सम्बोधन गरी सन्तुलित बनाउनुपर्ने देखिन्छ ।

नेपालको निर्यात र आयातको सन्दर्भमा व्यापार घाटा उच्च हुनु, कृषि तथा औद्योगिक उत्पादन न्यून हुनु, स्वदेशी वस्तुको उत्पादनमा वृद्धि गर्न नसक्नु, निर्यात प्रवर्द्धन गर्न देशगत तथा वस्तुगत विविधीकरण गर्न नसक्नु, खुला सिमानाका करण चोरी निकासी पैठारी नियन्त्रणमा कमी ल्याउन नसक्नु, सेवा व्यापारमा अपेक्षित वृद्धि नहुनु र औद्योगिक पूर्वाधारको विकास गर्न नसक्नु यस क्षेत्रका प्रमुख समस्याहरू बनेर देखापरेका छन् ।

निर्यात प्रवर्द्धनका लागि वस्तु तथा देशगत विविधीकरण गर्नु, निर्यातयोग्य कृषिजन्य वस्तुहरूको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नु, स्वदेशमा नै उत्पादन प्रोत्साहन तथा वैकल्पिक वस्तुको प्रयोग गरी आयात व्यवस्थापन गर्नु, पर्यटनलगायतका सेवा व्यापार तथा ऊर्जाको निर्यातबाट विदेशी मुद्रा आर्जन गर्नु, उच्च व्यापार घाटा कम गर्नु, शोधानान्तर बचत कायम गर्नु र विदेशी विनिमय सञ्चितिको पर्याप्तता कायम गर्नुपर्ने अवस्था छ । नेपालको वैदेशिक व्यापार १६२ देशसँग हुने गर्दछ तर अहिले पनि १३० देशसँग घाटा व्यहोरिरहेको अवस्था छ । जम्मा ३२ देशसँग व्यापार नाफामा रहेको देखिन्छ । नेपालले सन् १९९२ मा उदारवादी व्यापार नीति अवलम्बन गरेको थियो भने सन् २०१४ मा नयाँ व्यापार नीति तर्जुमा गर्‍यो ।

सन् २००४ मा नेपाल विश्व व्यापार संगठनको सदस्य बन्यो तर त्यसबाट नेपालले उचित लाभ लिन सकेन । वैदेशिक व्यापारको पछिल्लो तथ्यांक हेर्दा आर्थिक वर्ष २०७९/८० मा वैदेशिक व्यापार अघिल्लो वर्षको तुलनामा तीन खर्ब रूपैयाँले कम छ । नेपालको वैदेशिक व्यापारमा आयातको हिस्सा ९१.१२ प्रतिशत र निर्यातको हिस्सा ८.८८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको तुलनामा निर्यात २१.४४ प्रतिशतले न्यून छ । यसरी निर्यात र आयातको बीचमा ठूलो खाडल हुँदा यसले देशमा असन्तुलित अवस्थाको सिर्जना गरेको छ र आगामी दिनमासमेत यसले निरन्तरता पाउने निश्चित छ । तसर्थ, देशको विकास तथा आर्थिक उन्नतिका लागि निर्यात बढाउन आवश्यक छ ।

## मननयोग्य

### चाणक्य नीति

यस्तै, धेरै दिन बिते । सिकन्दरको भाग्य बलियो थियो । एक दिन ठूलो वर्षा भयो । झेलम नदी पानीले भरिई पार गर्नसक्ने अवस्था थिएन । पुरुले सपनामा पनि सोचेका थिएनन् । सिकन्दर यस्तो समयमा पनि युद्ध गर्न अग्रसर हुन्छ । पुरुका सेना नदी बढेको हुँदा आफ्ना शिविरमा निश्चिन्त थिए ।

सिकन्दरले यही अवसरलाई उपयुक्त ठानी फाइदा उठायो । ऊ जान्दथ्यो नदीमा तुफान उठेको छ । पार गर्न असम्भव भए पनि आफ्ना सेनालाई नदीमा प्रवेश गर्ने आदेश दिँदै आफू पनि नदीमा घोडासहित हेलियो । सेनाहरू धेरै मरे । बचेका सेना साथ लिएर सिकन्दरले झेलम नदी पार गर्‍यो । घोडाहरू काठ र डोरीद्वारा पार गरायो ।

अप्रत्याशित रूपले यसरी भएको आक्रमणले पुरुः केही हड्बडाए तर धैर्य त्यागेनन्, युद्ध सञ्चालनको काम पुत्रहरूका जिम्मामा दिई सिकन्दरसँग जिउज्यान दिएर लडे । पुरुका दुबै छोरा युद्धमा मरे ।

बाँकी बचेका सेना लिई सिकन्दरको ठूलो सेनासँग युद्ध गरे, तर दुर्भाग्य पुरुको आफ्नै अगाडि रहेका आफ्ना सेना, युनानी सेनाद्वारा मिचिदा हड्बडाएर आफ्नै पक्षका सेनातिर दौड्दै आउँदा असङ्ख्य सेना हात्तीले कुल्चिएर मर्न पुगे । अन्तमा पुरुले लडाई हार्नुपर्‍यो । सिकन्दरले उनलाई बन्दी बनायो ।

अर्को दिन सिकन्दरका अगाडि पुरुलाई खडा गरियो । हतकडी लगाइएका पुरुसँग सिकन्दरले प्रश्न गर्‍यो- 'तपाईंसँग म कस्तो व्यवहार गरू ?'

'त्यही जो एक राजाले अर्को राजासँग गर्छ'- निडर भई पुरुले जवाफ दिए । यस्तो वीरोचित कुराले अवाक् भयो सिकन्दर । धेरै समयसम्म पुरुलाई उसले हेरिरह्यो र केही हाँस्दै भन्यो- 'तपाई महाराज भन्न योग्य हुनुहुन्छ, म मित्रताको हात बढाउँछु भन्दै जितेका राज्य र अन्य साना राज्यसमेत उनलाई फिर्ता गरेर उनकै राज्यमा मिलाइदियो ।' यसपछि सिकन्दर आफ्ना सेनाका साथ 'ग्लोगेनिकाई' नामक उत्तर-पश्चिम जनजाति प्रदेशमा पस्यो । त्यहाँका मानिसले आत्मसमर्पण गरे । त्यो पनि सिकन्दरले पुरुकै राज्यमा मिसायो । चिनाव नदी पार हुन सिकन्दरले ठूलो नोक्सानी व्यहोर्नुपर्‍यो । त्यसपछि उसले रावी नदी पनि पार गयो । क्रमशः

## पत्र-मञ्जुषा

### बैंक तथा वित्तीय संस्थाप्रति बढ्दो अविश्वास

आफूले जीवनभर दुःख गरेर कमाएको वा घरजग्गा, गाडी, सेयरलगायत चलअचल सम्पत्ति बेचेर आएको रकम सर्वसाधारण जनताले बैंक तथा वित्तीय संस्थामा सुरक्षित हुने आशका साथ जम्मा गरे । तर, बचतकर्ताले सहकारीमा राखेको रकम सहकारी डुबे भनेर भाग्ने त बैंकमा राखेको रकम बैंककै कर्मचारी खाताबाट चोर्ने ।

अहिले एभरेष्ट बैंक र माछापुच्छ्रे बैंकका कर्मचारीले बचतकर्ताको रकम चोरेको कुरा प्रमाणित भएपछि अन्य बैंकमा पनि बचतकर्ताको रकम चोरी गर्ने गरेको सर्वसाधारणमा आशंका उत्पन्न भएको छ । हुन त बचतकर्ताहरू पहिला पनि बैंकबाट आफ्नो रकम हराएको भन्थे । तर, यसतर्फ कसैको पनि ध्यान गएको थिएन । अहिले एभरेष्ट बैंक र माछापुच्छ्रे बैंकबाट बचतकर्ताको रकम हराएको वा चोरी भएको प्रमाणित भएपछि बचतकर्ताहरूले झन् बैंकप्रति विश्वास गर्न छोडेका छन् । साथै, बैंकको यस्तो ठगीधन्दा पनि पर्दाफास भएको छ ।

अब सरकारी नै होस् या निजी बैंक । सर्वसाधारण आफूसँग भएको रकम जम्मा गर्दैनन् । त्यसैले, अहिले बैंक तथा वित्तीय संस्थामा पैसा निकाल्नेको भीड छ, तर राख्ने कोही छैन । यता बैंकहरूको यस्तो ठगीधन्दाको पर्दाफास भएपछि बैंकबाट आफ्नो रकम नपाएका बचतकर्तालाई रातमा निद्रा कि दिनमा भोक भएको छ ।

अहिले बचतकर्ताहरू आफ्नो रकम निकाल्नका लागि बैंकमा लाख रूपैयाँको चेक लिएर गएमा बैंक १० हजार फिर्ता गर्न सक्दैन । उता सहकारीमा झनै २० हजारको चेक लिएर गएरमा १०० रूपैयाँ फिर्ता दिइँदैन । सर्वसाधारण जनताको मनमा अहिले बैंक तथा वित्तीय संस्था ठग, चोर र दलाली हुन् भनेर परिसकेको छ ।

त्यसैले, उनीहरूले बैंक तथा वित्तीय संस्थामाथि विश्वास गर्न छोडिसकेका छन् । यसरी बैंक तथा वित्तीय संस्थाका घुसिया अध्यक्ष, सञ्चालक र कर्मचारीका कारण आज जनताको पैसा त डुब्यो नै बैंक तथा वित्तीय संस्थाको बदनाम समेत भयो । पछिल्लो समय सहकारीका अध्यक्ष, सञ्चालक र कर्मचारी बचतकर्ताले कुटपिट गर्ने डरले लुकीलुकी हिडिँरहेका छन् ।

३५ हजार बढी सहकारीमा ९८ लाख जनताको २० खर्ब रकम डुब्यो । अब बैंकमा झन् करोडौं जनताले बचत गरेको खर्बौं रकम डुब्नेछ । अधिंकाश सहकारी पछिल्लो समय भागिसकेका छन् वा डुबिसकेका छन् । तर, अब पालो बैंकमा नसर्ला भन्न सकिन्न ।

अहिले बजारमा सर्वसाधारण जनताको कुराकानी सुन्दा बैंक तथा वित्तीय संस्था टाट पल्टिनुको कारण घरजग्गा, गाडी र सेयर हो । जग्गा दलालीहरूले खेतीयोग्य जमिन खण्डीकरण गरेर आनाको पाँच हजारमा बिक्री नहुने जग्गा आनाकै ८० लाखमा बेचे । उता भारतमा एक लाखमा पाइने सवारीसाधन गाडी बेच्ने कम्पनीले नेपालमा ४० लाखसम्ममा बेचे त बैंकले सय रूपैयाँ कित्तामा निष्कासन गरेको सेयर दलालीहरूले ३२ सय सम्ममा बेचे । सर्वसाधारण जनतालाई दलालीहरूले यसरी फसाए कि कुनै सीमा नै रहेन । पछिल्लो समय घरजग्गा, गाडी र सेयरको कारोबारमा मन्दी आएको छ । त्यसैले, यी क्षेत्रमा लगानी गर्ने बैंक तथा वित्तीय संस्था टाट पल्टिनुपर्ने अवस्थामा पुगेका हुन् ।

- **विपुल श्रेष्ठ**, *ललितपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# बाढीबाट हुने क्षति न्यूनीकरणमा जुटे कञ्चनपुरका स्थानीय तह

**कञ्चनपुर–** बाढीजन्य प्रकोपबाट हुने क्षति न्यूनीकरणका लागि कञ्चनपुरका स्थानीय तह पूर्वतयारीमा जुटेका छन् । यसका लागि गैरसरकारी संस्थाको समन्वयमा समुदायमा आधारित बाढी पूर्वतयारीका लागि यहाँका स्थानीय तहले कृत्रिम घटना नमूना अभ्यासलगायतका कार्यक्रमलाई अगाडि बढाएका छन् । बाढी आउनुपूर्व अपनाउनुपर्ने सावधानी, बाढी आइसकेपछि अपनाउने क्रियाकलापसँगै बाढीपश्चात् गर्नुपर्ने कार्यबारे स्थानीय समुदायलाई जानकारी दिन थालेका हुन् ।

'वि.सं. २०६५ मा ठूलो बाढी आयो, पूर्वसावधानी अपनाउन नसक्दा निकै ठूलो धनजनको क्षति भयो,' शुक्लाफाँटा नगरपालिका विपद् शाखाका प्रमुख कृष्णदत्त भट्टले भने, 'यति ठूलो बाढी आउला भनेर कसैले कल्पना गरेकै थिएनन्, विपद् पूर्वजानकारी दिएर नआउने भएकाले नदी तटीय क्षेत्रका बासिन्दालाई सचेत पार्ने कार्यमा जुटेका छौं ।'

पुनर्वास नगरपालिका वातावरण तथा विपद् शाखाका प्रमुख ओमनाथ ढकालले बाढीजन्य प्रकोपबाट हुने क्षति न्यूनीकरणका लागि सचेतना अभियान थालिएको जानकारी दिए । 'गत वर्ष बाढी आउँदा नगरपालिकाका वडा नं २, ५ र १० का बासिन्दा निकै प्रभावित भए, बाढीजन्य प्रकोपबाट बच्नका लागि तयारी पुगेको थिएन,' उनले भने, 'पूर्वतयारी नहुँदा दोदा नदीको बाढी बस्तीमा पस्दा डुबानको समस्या सिर्जना भयो, जसबाट स्थानीय बासिन्दाले खाद्यान्न, लत्ताकपडा र भौतिक पूर्वाधारमा क्षति बेहोर्नुपर्‍यो ।'

विगतको बाढीजन्य प्रकोपबाट पाठ सिक्दै सचेतनासँगै नगरस्तरीय विपद् व्यवस्थापन समितिका कार्यदलका सदस्यलाई बाढी पूर्वतयारीका अभ्यास गराइएको उनको भनाइ छ । उनका अनुसार नगरपालिकाले यस वर्ष बाढीजन्य प्रकोपमा फसेका व्यक्तिको उद्धार गर्न मोटरबोट खरिद गरेको छ ।

नेपाल राष्ट्रिय समाज कल्याण संघ कञ्चनपुर र मर्सिकोरको साझेदारीमा सञ्चालित एमरेड परियोजनाले बाढीजन्य प्रकोप न्यूनीकरणको पूर्वतयारीमा स्थानीय तहसँग समन्वय गरी कार्य गरिरहेको छ । विपद् व्यवस्थापनका लागि परियोजनाअन्तर्गत आवश्यक सामग्री उपलब्ध गराइएको छ ।

बाढीजन्य प्रकोपबाट स्थानीय बासिन्दाको जीउधनको सुरक्षाका लागि पूर्वसूचना कार्यदल, प्राथमिक उपचार कार्यदल र खोज तथा उद्धार कार्यदलका सदस्यको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम दिने गरिएको परियोजनाका संयोजक महेश घिमिरेले बताए ।

बाढीजन्य प्रकोपबाट बर्सेनि हुँदै आएको मानवीय क्षति न्यूनीकरणका लागि समुदायलाई बलियो बनाउन पूर्वतयारी गर्नु आवश्यक रहेको विपद्का क्षेत्रमा लामो समयदेखि क्रियाशील जनक लेखकको भनाइ छ । 'स्थानीयस्तरमा गठन भएका कार्यदलको क्षमता परीक्षण गर्नका लागि नमूना कृत्रिम अभ्यास सकारात्मक छ, यसले बाढीजन्य प्रकोपबाट हुने धनजनको क्षति न्यूनीकरणमा सघाउ पुर्‍याउँछ,' उनले भने, 'कार्यदलका सदस्यको कमी-कमजोरी पत्ता लगाई सक्षम बनाउने कार्यसँगै स्थानीय समुदालाई बाढीजन्य प्रकोपसँग लड्नका लागि सक्षम बनाउँछ ।'

उनका अनुसार हालसम्म पुनर्वास नगरपालिकाका नौ र शुक्लाफाँटा नगरपालिकाका दुई गरी ११ समुदायमा बाढी पूर्वतयारीका लागि कृत्रिम घटना नमूना अभ्यासको कार्य गरिएको छ । 'बाढीजन्य प्रकोपबाट बच्ने उपायबारे जानकार नहुँदा डुबानमा पर्दामात्रै सुरक्षित स्थानतर्फ जाने गरेका थियौं,' पुनर्वास नगरपालिका पदम परियारले भने, 'नगरपालिकाले थालेको सचेतना अभियानले बाढीजन्य प्रकोपबारे जानकार भएका छौं, आपत्कालीन सञ्चालन केन्द्रसँग समन्वय गरी बाढीजन्य प्रकोपबारे जानकारी लिन्छौं, नदीको पानी खतरा तह पार गर्नुअघि नै सुरक्षित स्थानमा जाने गरेका छौं, यसबाट मानवीय क्षति हुन पाएको छैन ।' बाढीजन्य प्रकोपबाट बर्सेनि कञ्चनपुरमा झण्डै २० हजारभन्दा बढी घरधुरी प्रभावित हुने गरेका छन् । *रासस*

# विपद् प्रभावित किसानलाई राहत

**बागमती (प्रस)–** बागमती प्रदेश सरकारले गत आर्थिक वर्ष २०७९/८० मा विपद् प्रभावित किसानलाई एक करोड ५७ लाख ७५ हजार रूपैयाँ राहत वितरण गरेको छ । प्रदेशअन्तर्गत कृषि तथा पशुपन्छी विकास मन्त्रालयले प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट प्रभावित पशुपन्छी तथा मत्स्यपालक किसानलाई राहत वितरण गरेको हो ।

राहत वितरणका लागि कृषि तथा पशुपन्छी विकासमन्त्री डा. राजेन्द्रमान श्रेष्ठको संयोजकत्वमा समिति गठन गरिएको थियो । राहत वितरणका लागि मन्त्रालयले २०७९ मंसिर २३ मा सार्वजनिक सूचना जारी गरी विपद्बाट प्रभावित किसानलाई निवेदन दिन आग्रह गरेको थियो ।

निवेदन पेस भएकामध्येबाट छनोट भएका ४१ किसानलाई उक्त राहत रकम उपलब्ध गराइएको मन्त्रालयका सचिव डा. शरणकुमार पाण्डेले जानकारी दिए । विपद्को घटना खुल्ने प्रहरी मुचुल्का, कृषि ज्ञान केन्द्रलगायत सम्बन्धित निकायको सिफारिस र प्रमाणका आधारमा किसानलाई राहत वितरण गरिएको हो ।


## मैत्री मंगलम अर्गानिक कृषि फार्म प्रा.लि. को प्रवन्ध पत्र मागिएको संसोधन

दफा १. कम्पनीको नाम: "मैत्री मंगलम अर्गानिक कृषि फार्म प्रा.लि." हुनेछ । यसलाई अंग्रेजीमा "Maitri Mangalam Organic Krishi Farm Pvt. Ltd" भनिनेछ ।

## बीमालेख हरायो

मिति २०८०/०३/१५ गते, महाराजगंजदेखि न्युरोडसम्म जाँदा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : सुमन बराल
बीमालेख नं : ११००४८९७१
Life Insurance Company
ठेगाना : काठमाडौं
सम्पर्क नं : ९७४६२७०७०७

## राहदानी हरायो

मिति २०८०/०४/०९ गते डिल्लिबजारदेखि जोरपाटीसम्म जाने क्रममा साँझको अन्दाजी ६:३० बजेको समयमा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : विश्वराज अधिकारी
राहदानी नं : ०७४४०४५१
ठेगाना: काठमाडौं
फोन नं : ९८४९१६१८१९



नेपाल सरकार
**खानेपानी मन्त्रालय**
**खानेपानी तथा ढल व्यवस्थापन विभाग (DWSSM)**
**एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना**
पानीपोखरी, काठमाडौं, नेपाल

## लुम्बिनी सांस्कृतिक नगरपालिकामा निर्माण हुने एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षणको तयारीको सार्वजनिक सुनुवाइको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८०/०४/१०)

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, लुम्बिनी सांस्कृतिक नगरपालिका, वडा न.१३ मा एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना पानीपोखरी, काठमाडौं, नेपालबाट निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना पानीपोखरी, काठमाडौं, फोन नं: ०१-४४१३७४४ ई-मेल: iwssmp@gmail.com |
| प्रस्तावको व्यहोरा | लुम्बिनी सांस्कृतिक नगरपालिका, वडा नं. १३ मा निर्माण तथा सञ्चालन हुने दिसाजन्य फोहोर प्रशोधन केन्द्र (FSTP) तथा १५०-१८८ क.जी क्षमता र २.५ घनमिटरको हर्थ युक्त, करिब १० मि. को चिम्नी भएको इन्सिनिरेटर |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा. | लुम्बिनी सांस्कृतिक नगरपालिका, वडा नं. १३, रुपन्देही |
| परामर्शदाता | Building Design Authority P. Ltd. - SWS Consulting Engineering र SAP Water Energy & Developers को संयुक्त उपक्रम ओशो भवन, कमलादी, काठमाडौं । फोन: ०१-४२२७३९३ ई-मेल: iwssmp.p2@gmail..com |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा वातावरण संरक्षण ऐन २०७६, को दफा ३ कोउपदफा ५ बमोजिम सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाकोहरुसँग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाइ गर्नुपर्ने प्रावधान बमोजिम निम्न लिखित स्थान, मिति र समयमा सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना हुने भएकोले उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमूल्य राय-सुझावहरु दिनुहुन अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाइ हुने स्थान, मिति र समय**

| | |
|---|---|
| स्थान | लुम्बिनी सांस्कृतिक नगरपालिकाको कार्यालय, लुम्बिनी, रूपन्देही |
| मिति: | २०८०/०४/११ |
| समय: | दिनको २:०० बजे |



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE BOWL RESTAURANT TO SERVE MEALS
पूर्व स्वीकृति मिति: २०८०/०३/१७ पूर्व स्वीकृति मिति: २०८०/०४/०९ LT. 288771 चलानी नं. ६०२०५०९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1500 | ५२४२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | KITCHEN WORKER | 2 | 0 | 1200 | ४१९४१ | | | | | | | |

कम्पनी : NAMAQ COMPANY TO SERVE DRINKS
पूर्व स्वीकृति मिति: २०८०/०३/२७ पूर्व स्वीकृति मिति: २०८०/०४/०९ LT. 289170 चलानी नं. ६०२०५०९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | food and beverage counter worker | 2 | 0 | 1200 | ४१९४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : DURAT AL-NASEEM COMPANY LIMITED
पूर्व स्वीकृति मिति: २०७९/१२/२७ पूर्व स्वीकृति मिति: २०८०/०४/०९ LT. 284235 चलानी नं. ६०१९९७८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६२,९१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EXECUTIVE EST FOR TRADING SERVICES
पूर्व स्वीकृति मिति २०७८/११/१८ पूर्व स्वीकृति मिति: २०८०/०४/०९ LT. No.258528 चलानी नं. ६०१७५३३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 1 | 0 | 1000 | ३४९५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १७ गते (2nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GULF INCOME TRADING COMPANY
पूर्व स्वीकृति मिति २०८०/०४/०८ LT. No. 289496 चलानी नं. ६०२०५१५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forklift Driver | 1 | 0 | 2500 | ८७,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १७ गते (2nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.** श्रम इजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHOP HIAP HUAT TRADING SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०३/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/०९ LT No.267031 चलानी नं.६०१८२९०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 19 | 0 | 1500 | ४३,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १७ गते (2nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**KINGFISHER OVERSEAS PVT.LTD** श्रम इजाजत नं. १४३५/०७४/७५
Gairigaun 9 Tinkune, Kathmandu,Nepal.
Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EMFAM INTEGRATED TECHNICAL SERVICES LLC
पूर्व स्वीकृति मिति २०७९/०९/२१ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/०९ LT. No. 278238 चलानी नं. ६०१९४५१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administrative Officer | 0 | 1 | 1400 | ५१,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaning Supervisor | 2 | 0 | 1500 | ५४,९५५ | | | | | | | |
| 3 | Cleaner | 17 | 5 | 1000 | ३६,६३५ | | | | | | | |
| 4 | Commercial Sales Representative | 4 | 0 | 1400 | ५१,२९० | | | | | | | |
| 5 | Follow Up Clerk | 1 | 0 | 1400 | ५१,२९० | | | | | | | |
| 6 | Marketing Manager | 1 | 0 | 1500 | ५४,९५५ | | | | | | | |
| 7 | Packer | 5 | 6 | 1000 | ३६,६३५ | | | | | | | |
| 8 | Purchasing Representative | 2 | 0 | 1400 | ५१,२९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १७ गते (2nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम इजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## कतार/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SERENA CLEANING HOSPITALITY & CONTRACTING WLL
पूर्व स्वीकृति मिति : २०८०/०३/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०९ LT. No. 288919 चलानी नं.६०२०४२३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 0 | 1200 | ४३,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason | 1 | 0 | 1200 | ४३,२५० | | | | | | | |
| 3 | Labour | 1 | 0 | 1000 | ३६,०४० | | | | | | | |
| 4 | General Supervisor | 1 | 0 | 2500 | ९०,१०५ | | | | | | | |
| 5 | Foreman | 5 | 0 | 2500 | ९०,१०५ | | | | | | | |
| 6 | Mason | 10 | 0 | 1200 | ४३,२५० | | | | | | | |
| 7 | Plaster Worker | 2 | 0 | 1200 | ४३,२५० | | | | | | | |
| 8 | Representative | 4 | 0 | 2200 | ७९,२९५ | | | | | | | |
| 9 | Gen Clean Worker | 0 | 1 | 1100 | ३९,६४५ | | | | | | | |
| 10 | Gen Clean Worker | 16 | 0 | 1000 | ३६,०४० | | | | | | | |

कम्पनी : JAWA HUMAN RESOURCES COMPANY
पूर्व स्वीकृति मिति २०८०/०३/०८ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/०९ LT. No 288287 चलानी नं. ६०२०३५८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 7 | 0 | 1000 | ३४,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAHEM AL-AWALI GENERAL CONTRACTING COMPANY IS A ONE-PERSON COMPANY
पूर्व स्वीकृति मिति २०७९/०७/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०९ LT. No.275328 चलानी नं. ६०१९०८२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload And Download Operator | 40 | 0 | 1200 | ४१,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १७ गते (2nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.** श्रम इजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## मलेसिया/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PERCETAKAN SM SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०४/३० पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/०९ LT. No. 269509 चलानी नं. ६०१८५४०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 7 | 0 | 1500 | ४३,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : AL NOOR FOR TRADING CLEANING & SERVICES
पूर्व स्वीकृति मिति २०८०/०४/०९ LT. No. 289891 चलानी नं. ६०२०५१४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 1 | 0 | 2500 | ९०,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Cleaner / Worker | 11 | 0 | 1000 | ३६,०१० | | | | | | | |
| 3 | Labour | 2 | 0 | 1000 | ३६,०१० | | | | | | | |
| 4 | Receptionist | 2 | 0 | 1400 | ५०,४१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १७ गते (2nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD** Govt.Lic.No- 1168/073/074
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: 9843030000, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DROP SERVICES
पुर्व स्वीकृति मिति २०८०/०४/०८ LT. No. 289879 चलानी नं. ६०२०५१३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 5 | 1400 | ५०,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १७ गते (2nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.** श्रम इजाजत नं. १३०२/०७४/०७५
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

# प्रभाव दैनिक


बुधबार, १० साउन २०८० (Wednesday, July 26, 2023)





## माल्भिकाले गरिन् सम्बन्ध विच्छेद

पूर्वमिस नेपाल तथा सञ्चारकर्मी माल्भिका सुब्बाले श्रीमान रियाज श्रेष्ठसँग सम्बन्ध विच्छेद गरेकी छन् । एक पडकास्टमा अतिथि बनेर पुगेकी उनले दुई वर्षअघि सम्बन्ध विच्छेद गरेको खुलासा गरेकी हुन् । उनले घर छाडेको ४ वर्षपछि सम्बन्ध विच्छेद गरेको बताइन् । श्रीमानसँगको सम्बन्ध बिग्रिए पनि छोरालाई उसको बुवा र परिवारबाट कहिले पनि नछुट्टाउने आफ्नो सोच रहेको उनले भनाइ छ ।



# ‘बगान’ले १० दिनमा गर्‍यो ७० लाखको व्यापार

■ प्रभाव संवाददाता

**काठमाडौं–** असार २९ गते रिलिज भएको नेपाली चलचित्र ‘बगान’ले दश दिनमा करिब ७० लाख ग्रस कलेक्शन गरेको छ । फिल्मका निर्माताले सार्वजनिक गरेको तथ्यांकअनुसार यो चलचित्रले उन्सत्तरी लाख अठहत्तर हजार एक सय एकानब्बे रूपैयाँ ग्रस कलेक्शन गरेको छ ।

चलचित्रका निर्माता सुरेश वाग्लेले वितरक कम्पनीहरू रिच इन्टरटेनमेन्ट, डिसिएन र एफडीले प्रत्येक दिन उपलब्ध गराएको व्यापारिक आँकडा अनुसार कलेक्शन रिपोर्ट सार्वजनिक गरिएको बताएका छन् । निर्माता वाग्लेले आफूले वितरकले दिएको हरेक दिनको हिसाबअनुसार नै कारोबार गर्ने हुँदा करिब ७० लाखको रिपोर्ट सार्वजनिक गरिएको बताए ।

चलचित्र विकास बोर्ड अन्तर्गतको बक्स अफिसमा भने केहि कम कलेक्शन रिपोर्ट देखिन्छ । यसो हुनुमा केहि चलचित्र हलमा बक्स अफिस सिस्टम लागु भईनसकेको, कतिपय हलबाट समयमा नै तथ्यांक उपलब्ध हुन नसक्नु र दुरदराजका कतिपय हलमा प्राविधिक समस्या आई सिस्टमबाट टिकट बिक्री गर्न नसकिने समस्या देखिने हुँदा कलेक्शन रिपोर्ट केहि कम देखिने बक्स अफिस अधिकृत प्रविण पाण्डेले बताए ।

काठमाडौँको लोत्सेमलस्थित आईएनआई सिनेमा, काठमाडौँको ईन्फिनिटी सिनेमा, बिराटनगरको सेन्ट्रल मल्टिप्लेक्स, मोरङको बिराट सिनेमा, लालबन्दीको बिणा सिनेमा, बुटवलको आईएनआई क्यूबक्स, भक्तपुरको कमविनायक सिनेमा, बनेपाको शुभकामना हल, बर्दघाटको मोहिनी सिनेमा हल र गाईघाटको शुभलक्ष्मी सिनेमा हलबाट सिस्टममा ’बगान’को कलेक्शन रिपोर्ट नआएको पाण्डेले बताए । त्यस्तै, विगत केहि दिनदेखि काठमाडौँको कमलपोखरीस्थित बिग सिनेमाले पनि समयमा रिपोर्ट उपलब्ध नगराएको उनले बताए ।




‘बगान’ले प्रदर्शनको एघारौँ दिन सोमवार पनि राम्रो व्यापार गरेको निर्माता वाग्लेले बताए ।

एकल आमाहरूले देशको जुनसुकै हलमा पनि यो चलचित्र हेर्न पैसा तिर्नु नपर्ने व्यवस्था गरिएको छ । जसअन्तर्गत एक हजार भन्दा धेरै एकल आमाहरूले आफ्नो परिचयपत्र देखाएर निशुल्क चलचित्र हेरेको निर्माता वाग्लेले बताए । हाल काठमाडौँका विभिन्न हलहरूमा दर्शकसँग साक्षात्कार गरिरहेको चलचित्रको टिमले पुनः काठमाडौँ उपत्यका बाहिरका हलहरूमा दर्शक भेट्न जाने योजना रहेको वाग्लेले बताए ।

अभिनयका सुपरिचित सरोज खनालले निर्देशन गरेको चलचित्र ‘बगान’मा करिश्मा मानन्धर, आकाश श्रेष्ठ, प्रमिला कार्की, नीर शाह, बसुन्धरा भुषाल र मिथिला शर्मा लगायतको अभिनय रहेको छ । निर्देशक खनालको पनि यसमा प्रमुख भूमिका छ । अभिनेत्री कार्कीले यहि चलचित्रबाट अभिनयमा डेब्यु गरेकी हुन् ।

स्वप्निल नीरवको कथामा आधारित रहि बनेको यो चलचित्र नेपाली वेबसाइट डटकमको प्रस्तुतीमा बनेको हो । ‘बगान’का निर्माता सुरेश वाग्ले हुन् भने कार्यकारी निर्माता विनोद मानन्धर हुन् । यसमा गौरीशंकर धुजुको डिओपी, उत्सव दाहाल र नारायण जिसीको छायांकन, सन्देश शाहको सम्पादन, समिर मियाँको भि.एफ.एक्स. तथा रेनिश फागोको कलर करेक्शन रहेको छ । ब्याकराउन्ड स्कोर सुजिल कर्माचार्य र साउन्ड मिक्सिंग मुकेश शाहको रहेको छ । हरि लम्साल र सुवास भुषालको संगीत रहेको चलचित्रका गीतमा अञ्जु पन्त, सुगम पोखरेल र अस्मिता अधिकारीको स्वर रहेको छ ।

# ‘ए झरी’मा मालाको हट अवतार

■ प्रभाव संवाददाता

**काठमाडौं–** ‘ए झरी’ बोलको गीत कुनै समय लोकप्रिय थियो । युवा श्रोता तथा दर्शकको मनमा बस्न सफल गायक नविन के भट्टराईको उक्त चर्चित गीत फिमेल भर्सनमा आएको छ ।

गायक नविन के भट्टराईले झण्डै डेढ दशकअघि गाएको ‘ए झरी’ गीतलाई पछिल्लो समयकी चर्चित गायिका अमृता लिम्बूलाई गाएकी हुन् । उक्त गीतको म्युजिक भिडियो मंगलबार सार्वनजनिक भएको छ ।

म्युजिक नेपालको अफिसियल युट्युब च्यानलबाट सार्वजनिक गरिएको उक्त गीतको भिडियोमा पछिल्लो समयका लोकप्रिय मोडल पुष्प खड्का र अभिनेत्री तथा मोडल माला लिम्बूले अभिनय गरेका छन् । प्रेम र प्रकृतिभावलाई दर्शाएको भिडियोमा पुष्प र मालाको केमेष्ट्रि दमदार देखिएको छ ।

‘ए झरी’ गीतमा संगीत अर्जिनल भर्सनलाई नै राखिएको छ अर्थात संगीत संयोजनमा कुनै तोडमोड गरिएको छैन । जसमा शम्भुजीत बास्कोटाको संगीत र डा. अरुण सायमीको शब्दरचना रहेको छ । निकेश खड्काले निर्देशन गरेको यस गीतको भिडियोलाई विकास धमलाले सम्पादन गरेका हुन् । निर्देशकको क्रियशनलाई



क्यामेरामा कैद गर्ने काम उत्तम हुमागाइँले गरेका छन् ।

गायिका अमृताको यो पछिल्लो गीत हो । गायिका अमृताको यसअघि ‘शीरैमा शीरफूल’, ‘झुम्के माया’, ‘लकुर हेर्‍यौं’जस्ता थप्रै गीत चर्चित छन् । कतिपय आफ्नो गीतको भिडियोमा मोडलिङसमेत गर्दै आएकी अमृता यसपटक भने देखिएकी छैनन् । भिडियोमा ‘ग्ल्यामरस लुक’ चाहिएको आफूले ‘ए झरी’मा मोडलिङ नगरेको अमृताले सुनाइन् । उनले भनिन्, ‘गीतको मागअनुसार ग्ल्यामरस लुक चाहिएको थियो । त्यसैले गरिनँ । तर, अरु गीतको भिडियोमा भने अवश्य मोडलिङ गर्छु ।’

आफ्नो यो पछिल्लो भर्सन गीतलाई दर्शक तथा श्रोतादले रुचाउने छन् भन्नेमा उनी विस्वस्त छिन् । अहिले झरीकै मौससमा भएको भन्दै उनले भनिन्, ‘यो सिजनल गीत जस्तै भएको छ । त्यसैले झरीमा रुझ्न चाहने दर्शक तथा श्रोताको मनमुट छुन सक्नेछ भन्ने अपेक्षा लिएकी छु ।’

# गायत्रीलाई नेक्स्ट सुपर मोडलको ताज

**काठमाडौं (प्रस)–** सौन्दर्य प्रतियोगिता ‘नेक्स्ट सुपर मोडल नेपाल २०२३’ को शिर्ष ताज गायत्री गोसाईले पहिरिएकी छिन । सोमबार साँझ राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा सम्पन्न अन्तिम स्पर्धामा गोसाईले शिर्ष उपाधीसँगैसँगै बिधागततर्फको मस्ट पपुलर अवार्ड समेत हात पार्न सफल भईन । त्यस्तै संगीना ईटनीले फर्स्ट रनर अपको उपाधीसंगै मिस फोटोजेनिक अवार्ड हात पारिन् ।

बिधागत अवार्ड तर्फ बेस्ट ड्रेस सुष्मा तामाङ, मिस ट्यालेन्ट



उषा पुन र बेस्ट वाक आस्था श्रेष्ठ घोषित भए । मोडल संग्स नेपालद्वारा उत्कृष्ट सुपर मोडलको खोजी स्वरूप सुरु गरेको उक्त प्रतियोगितामा छनोटचरण पार गरेर आएका प्रतिस्पर्धीहरूको व्यक्तित्व बिकास तथा मोडलिङ क्षमता अभिवृद्धिसम्बद्द करिव एक महिना लामो प्रशिक्षण पश्चात् प्रतिस्पर्धीहरूलाई अन्तिम स्पर्धामा स्टेजमा उतारिएको आयोजक संस्था मोडल संग्स नेपाल अध्यक्ष स्वस्ती दंगालले जनाईन् ।

रोजिन शाक्यको कोरियोग्राफी तथा परमानन्द चौधरीको निर्देशनमा संचालित प्रतियोगितामा दीपक घिमिरे, रेजिना तुलाधर, धिरज तण्डुकार, प्रमिला सिलवाल र सजिना बिष्ट त्रिपाठी निर्णायक रहेका थिए ।

## रंगशाला

# एएफसी कप: प्रारम्भिक चरणका लागि मच्छिन्द्रको तयारी सुरु




■ प्रभाव संवाददाता

**काठमाडौं–** सोमबार दशरथ रंगशालामा एक कार्यक्रम आयोजना गर्दै क्लबले उक्त छनोट खेलका लागि अभ्यास सुरु गरेको जनाएको छ । क्लबका अध्यक्ष सुनिल कपालीले ललितपुरस्थित चर्च ब्वाइजको खेल मैदान र एन्फा कम्प्लेक्सको मैदानमा खेलाडीहरूले अभ्यास थालेको जानकारी दिए ।

मच्छिन्द्रको छनोट खेलमा २३ खेलाडी समावेश छन् । यीमध्ये ९ जना गत लिगमा विभिन्न क्लबबाट उत्कृष्ट प्रदर्शन गरेका खेलाडीलाई मच्छिन्द्रले एएफसी कप क्वालिफायर्सको यात्राका लागि अनुबन्धित गरेको छ । उनीहरूलाई एएफसी कप क्वालिफायर्सको यात्रा जारी रहँदा सम्मका अनुबन्धित गरिएको क्लबका महासचिव अनिल श्रेष्ठ बताए । गत वर्ष डेब्यु सिजनमा नै चर्च ब्वाइज क्लब शहीद स्मारक ‘ए’ डिभिजन लिग च्याम्पियन भएको थियो । यद्यपि, एएफसी क्लव लाइसेन्स नभएका कारण दोस्रो स्थानमा रहेको मच्छिन्द्रले एएफसी कप क्वालिफायर्स खेल्न पाएको हो ।

मच्छिन्द्रले गत सिजन पनि एएफसी कप क्वालिफायर्सकको प्रारम्भिक चरणको खेल खेलेको थियो । यद्यपि, घरेलु मैदानमा भएको उक्त खेलमा श्रीलंकाको ब्लु स्टारसँग २-० ले पराजित भएपछि मच्छिन्द्रको यात्रा अगाडि बढ्न सकेन । यस पटक भने मच्छिन्द्रले पहिलो चरणको खेल जित्ने लक्ष्यका साथ लिगका चर्चित विदेशी खेलाडी र राष्ट्रिय टोलीका खेलाडीलाई केही समयका लागि भित्राएको छ । तीमध्ये मेसुके ओलामोउ, लाकेन लिम्बू, सनिष श्रेष्ठ र आयुष घलान हुन् । यो खेल जितेमा मच्छिन्द्रले साउथ जोनको दोस्रो चरणमा भारतको मोहन बगानसँग खेल्नेछ ।

मच्छिन्द्रले यो खेल पनि जिते प्लेअफ राउण्डमा बंगलादेशको ढाका अबाहानी र माल्दिभ्सको क्लब इगल्सबीचको विजेतासँग खेल्न पाउनेछ । मच्छिन्द्रले क्वालिफायर्सअन्तर्गत प्रारम्भिक चरणको खेलका किशोर केसीलाई नै प्रशिक्षणमा निरन्तरता दिएको जनाएको छ । तत्कालीन प्रशिक्षक प्रवेश कटुवालले राष्ट्रिय टोलीमा जिम्मेवारी पाएपछि केसी मच्छिन्द्रको प्रशिक्षणमा भित्रिएका थिए । मच्छिन्द्रले पारो एफसीसँगको खेलका लागि भिआइपीतर्फ पाँच सय र साधारणतर्फ दुई सय रूपैयाँ टिकटको मूल्य निर्धारण गरेको छ । त्यसका लागि क्लबले सोमबार नै पत्रकार सम्मेलनका अवसरमा टिकेटिङ पार्टनर माउण्ट एभरेस्ट स्पोर्ट्ससँग सम्झौता गरेको छ । क्लबका अध्यक्ष सुनिल कपाली र माउण्ट एभरेस्ट स्पोर्ट्सका सिइओ थमन भुसालले सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए ।

# महिला विश्वकप: फिलिपिन्स विजयी

**काठमाडौं (प्रस) –** महिला विश्वकप फुटबलमा आयोजक न्युजिल्याण्ड, फिलिपिन्ससँग स्तब्ध भएको छ । मंगलबार भएको खेलमा फिलिपिन्सले न्युजिल्याण्डलाई १-० ले हराएको हो । फिलिपिन्सको जितमा सेरिना बोल्डेनले २४ औं मिनेटमा विजयी गोल गरिन् । जितपछि प्रशिक्षक एलेन स्टेजिकले फिलिपिन्सको खेलकुद इतिहासमा प्राप्त जित सबैभन्दा ठुलो भएको बताए । विश्वकपमा फिलिपिन्सको पहिलो जित हो । जित सहित फिलिपिन्सले नकआउट चरण प्रवेशको सम्भावना बलियो बनाएको छ । पहिलो खेलमा फिलिपिन्स स्वीटजरल्याण्डसँग २-० ले पराजित भएको थियो ।

जितपछि फिलिपिन्सले समूह एको खेलमा तीन अंक जोडेको छ । शीर्ष स्थानको स्वीटजरल्याण्ठको ४, न्युजिल्याण्ड र फिलिपिन्सको समान ३ अंक भएको छ । नर्वे १ अंक सहित तालिकाको पुछारमा छ ।

### कोलम्बिया विजयी

महिला विश्वकप फुटबलमा कोलम्बियाले साउथ कोरियालाई हराएको छ। मंगलबार कोलम्बियाले साउथ कोरियामाथि २-० को जित निकालेको हो ।

कटलिना उस्मेले ३० औं मिनेटमा पेनाल्टीमा गोल गर्दै कोलम्बियालाई सुरुआती अग्रता दिलाएका थिए । युवा खेलाडी लिन्डा केसेडोले ३९ औं मिनेटमा गोल गर्दै दक्षिण अमेरिकी टोलीको अग्रता दोब्बर बनाएकी थिइन् । समूह एफको खेलमा कोलम्बिया र जर्मनले समान तीन अंक जोडेका छन् । साउथ कोरिया र मोरक्को अंक विहीन छन् ।

अर्को समूह एको खेलमा स्वीटजरल्याण्डले साविक विजेता नर्वेसँग बराबरी खेल्दै अंक बाँड्यो ।

# खेल संघसँग गण्डकी प्रदेशको अन्तर्क्रिया



■ प्रभाव संवाददाता

**पोखरा–** प्रदेश खेलकुद परिषद् गण्डकीले प्रदेश खेलकुद संघसँग मंगलबार बृहत छलफलसहितको अन्तक्रिया कार्यक्रम गरेको छ । विभिन्न ३० भन्दा बढी खेल संघरुहको सहभागिता रहेको कार्यक्रममा प्रदेशको खेलकुद विकासका लागि खेल संघको विभिन्न समस्याका बारेमा खुलेर छलफल भएको परिषदका सदस्य सचिव श्रीधर शर्माले जनाएका छन् ।

कार्यक्रमबारे जानकारी दिंदै सदस्य सचिव शर्माले परिषदद्वारा अघि सारिएका कार्यक्रमहरू सफल बनाउन खेल संघलाई व्यवस्थित गर्ने लगायतका विषयमा निर्णय गरिएको बताए ।

“अन्तक्रियामा खुलेर छलफल गरेका छौं । खेल संघमा रहेका समस्या र चुनौतीका बीच पनि खेलकुदको समग्र विकासलाई कसरी अघि बढ्ने बारे गम्भिर रूपमा बहश भएको छ ।” उनले भने “यसले आगामी दिनमा हुने योजनाहरू कार्यान्वयनमा सहजतासंगै निकासका लागि बाटो खुल्ला गरेको छ ।”

छलफल कार्यक्रममा सहभागिले प्रदेश खेलकुद विकास ऐन २०७७ अनुसार तदर्थ समिति गठन गर्न निकै कठिनाई उत्पन्न भएको बताउँदै तत्काल सो समस्या समाधानका लागि परिषदलाई पहल गर्न आग्रह गरेका थिए ।

प्रदेश खेलकुद संघ गठन भइसकेका संघको अद्यावधिक साधारणसभा सहित प्रदेश खेलकुद परिषदमा दर्ता वा नविकरण गर्न तथा दर्ता हुन बाँकी खेल संघले तदर्थ समिति दर्ता र परिषदले संघसँग आवश्यक समन्वय गरी सहजीकरण गर्न सहभागि खेल संघका प्रतिनिधीले आग्रह गरेका थिए ।

हालै परिषदले सूचीकृतका लागि आह्वान गरेका रेफ्रि, जज, एम्पयार, खेल प्राविधिक, प्रशिक्षक र खेल प्रशिक्षण केन्द्रको सूचीकरण गर्न खेल संघले सहयोगको प्रतिवद्धता व्यक्त गर्दै गण्डकी प्रदेशमा स्थापना हुने खेलाडी कल्याणकारी कोषमा रकम वृद्धि गर्ने बताएका छन् । त्यस्तै सहभागिले जिल्लास्थित खेल संघको अनुगमन, खेलकुदको विकास, विस्तारका लागि समन्वय गर्दै अघि बढ्ने समेत प्रतिवद्धता व्यक्त गरेको गण्डकी प्रदेश खेलकुद विकास परिषद्ले जनाएको छ ।

अन्तक्रिया कार्यक्रममा आर्थिक वर्ष २०७९-०८० मा सम्पन्न विभिन्न खेलकुद प्रतियोगिता लगायत कार्यक्रमको समेत गम्भिर समिक्षा गर्दै भएका कमजोरीको समेत सुधार गर्दै अघि बढ्ने प्रतिवद्धता व्यक्त गरिएको छ ।

सो अवसरमा बोल्दै प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरुङले अन्तक्रिया कार्यक्रमले परिषद र खेल संघ बीच सम्बन्धलाई थप सुमधुर बनाउन भूमिका खेल्ने बताए । उनले खेल संघलाई खेल विकासको गतिका लागि प्रमुख रूपमा रहेको बताउँदै संघहरू बलियो संगै सुशासन युक्त भएमा मात्रै खेल विकासले गति लिने बताए ।

कार्यक्रममा प्रदेश खेलकुदका कार्यकारी सदस्यद्वय दिल बहादुर गुरुङ, ऋषीराम गौतम, कार्यालय प्रमुख तोपलाल भुसाल, क्षेत्रिय खेलकुदका प्रमुख लक्ष्मण प्रसाल योगी, लेखा प्रमुख निलकण्ठ ढकालले समेत आफ्ना भनाइ राखेका थिए ।

# लोकसभा बैठकमा विपक्षीको विरोध

**नयाँदिल्ली–** मणिपुरमा जारी हिंसाको विस्तृत विवरण सदनमा प्रस्तुत गर्नुपर्ने तथा मणिपुरका सम्बन्धमा प्रधानमन्त्री नरेन्द्र मोदीले वास्तविकता जानकारी गराउनुपर्ने माग गर्दै विपक्षी दलहरूले विरोध जारी राखेपछि लोकसभाको बैठक स्थगन भएको छ ।

प्रश्नोत्तरको समय सुरु भएलगत्तै विपक्षी दलले विरोध गरेका थिए । सभामुख ओम बिरलाले विपक्षी सदस्यहरूलाई आफ्नो सिटमा बस्न आग्रह गर्दै प्रश्नोत्तरकालले सरकारको जवाफदेहितालाई व्यवस्थित गर्न मद्दत गर्ने भएकाले सदन सञ्चालन हुनुपर्ने तर्क गरे ।

उनले विरोधस्वरूप प्लेकार्ड देखाउनु र नारा लगाउनु कुनै पनि समस्याको समाधान नभएको बरु त्यो संसदीय परम्पराविरुद्ध भएको बताए । साथै उनले अपराह्न दुई बजेसम्मका लागि सदन स्थगन भएको घोषणा गरे ।

कांग्रेस र अन्य विपक्षी दलहरूले मंगलबारको कार्यसूचीका विषयलाई हटाएर मणिपुरको स्थितिबारे छलफल गर्नुपर्ने र प्रधानमन्त्रीले जवाफ दिनुपर्ने माग गर्दै आएका थिए । यही साउन ४ गतेदेखि सुरु भएको संसद्को हिउँदे अधिवेशन प्रारम्भदेखि नै अवरुद्ध हुँदै आएको छ । *रासस/एएनआई*

# २० वर्षपछि महिलालाई मृत्युदण्ड

**सिंगापुर–** मृत्युदण्डलाई प्रभावकारी अपराध निरोधक दाबी गर्दै आएको सिंगापुरले लागुऔषध तस्करीमा दोषी ठहरिएका दुई जनालाई यसै साता मृत्युदण्ड दिने तयारी गरेको छ । सरिदेवी जामानी भनेर चिनिने ४५ वर्षीया महिला र ५६ वर्षीय पुरुषलाई फाँसी दिन लागिएको अधिकारवादी संगठन ट्रान्सफर्मेटिभ जस्टिस कलेक्टिभ (टिजेसी)ले जनाएको छ। सिंगापुरले २० वर्षपछि पहिलोपटक महिलालाई झुन्डचाएर मृत्युदण्ड दिन लागेको हो ।

टिजेसीका अनुसार ५० ग्राम हेरोइन तस्करी गरेको अभियोगमा दोषी ठहर भएका ती पुरुषलाई बुधबार चंगी जेलमा र ३० ग्राम हेरोइन तस्करी गरेको अभियोगमा मृत्युदण्डको सजाय सुनाइएकी जामानीलाई शुक्रबार फाँसी दिइनेछ ।

सन् २०१८ मा उनीहरूलाई मृत्युदण्डको सजाय सुनाइएको थियो । दण्ड पाउने दुवै सिंगापुरका नागरिक हुन् । उनीहरूका परिवारले उनीहरूको मृत्युदण्डको मिति निर्धारण गरिएको सूचना प्रदान गरिएको छ ।

मानवअधिकारवादी संस्था एम्नेस्टी इन्टरनेसनलले निर्धारित मृत्युदण्ड रोक्न आग्रह गरेको छ । टिजेसीले पनि मृत्युदण्ड रोक्न आग्रह गर्दै आएको छ । सिंगापुरले लागुऔषध नियन्त्रणको नाममा मृत्युदण्ड दिने क्रम जारी राख्नु अनुचित भएको टिप्पणी एम्नेस्टीले गरेको छ ।

विश्वका धेरै देशले मृत्युदण्डको सजाय परित्याग गर्दै लागुऔषधसम्बन्धी मुद्दा सम्बोधनका निम्ति उदार नीति अंगीकार गरिरहेको परिप्रेक्ष्यमा सिंगापुरले त्यसलाई मनन नगर्नु दुर्भाग्यपूर्ण भएको एम्नेस्टीले बताएको छ ।

कोभिड-१९ को महामारीमा दुई वर्षको अन्तरालपछि सरकारले फाँसीको सजाय पुनःकार्यान्वयन गरेपछि कम्तीमा १३ जनालाई फाँसी भइसकेको छ । *रासस/एएफपी*

# रूसी रक्षामन्त्री उत्तर कोरिया भ्रमण गर्दै

**सोल–** रूसका रक्षामन्त्री सर्गेई शोइगु कोरियाली युद्धविरामको वार्षिकोत्सव मनाउन उत्तर कोरियाको भ्रमणमा जाने भएका छन्। प्योङयाङको सरकारी समाचार माध्यमले कोरोना महामारीलगायत कारणबाट लामो समयसम्म हुननसकेका उच्चस्तरीय भ्रमण एवं आदानप्रदान अब पुनःखुल्ने जनाएको छ ।

चिनियाँ प्रतिनिधिमण्डल पनि सोही कार्यक्रममा सहभागी हुने पुष्टि भएको भोलिपल्ट रुसी रक्षामन्त्रीको घोषणा सार्वजनिक भएको हो । रक्षामन्त्री सर्गेई शोइगुको नेतृत्वमा रूसी महासंघको एक सैन्य प्रतिनिधिमण्डल यसै साता प्योङयाङ पुग्ने बताइएको छ ।

युद्धविरामको वार्षिकोत्सवमा धेरै चिनियाँ कूटनीतिज्ञ उपस्थित हुन जनाएको छ । विश्वबाट एक्लिएको उत्तरका सिमाना सन् २०२० मा कोभिड महामारीका कारण बन्द भएको थियो ।

प्योङयाङले युद्धविराममा हस्ताक्षर गरेको ७० वर्ष पूरा भएको अवसरलाई विजय दिवसका रूपमा मनाउन यो साता ठूलो सैन्य परेडलगायत कार्यक्रम आयोजना हुने अपेक्षा गरिएको सोलस्थित एनके न्युजले जनाएको छ । *रासस/एएफपी*


## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७९/०३/२२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **(स्तुपा एडभेञ्चर प्रा.लि.)** को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **" अल नेपाल खेल संसार** प्रा.लि. (प्रा. लि. नं. २३४६२०)" कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JOUD AL QIMMA READY MIX CONCRETE FACTORY

पुर्व स्वीकृति मिति २०७९/03/02    पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/०९    LT. No. 264891    चलानी नं. ६०१८११६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Maintenance Mechanic Assistant. | 1 | 0 | 1200 | ४१,९४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Truck Driver | 3 | 0 | 1800 | ६२,९१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १७ गते (2nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रू. १,५००/- कामदार आफैंले    सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MEEM CENTRAL MARKET CO. (MEEM CENTRAL MARKET CO FOR NON-FOODSTUFFS/ITEMS CO.W.L.L.)

पूर्व स्वीकृति मिति २०८०/०४/०८    LT. No. :289671    चलानी नं.६०२०५१३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 9 | 0 | 150 | ६४,१४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Salesman | 9 | 0 | 150 | ६४,१४० | | | | | | | |
| 3 | Store Helper | 7 | 0 | 150 | ६४,१४० | | | | | | | |
| 4 | Store Keeper | 8 | 0 | 150 | ६४,१४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १७ गते (2nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रू. १,५००/- कामदार आफैंले    सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Green Star Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. २५७/०५८/०५९
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540
Mobile: 9851054136, 9841012386
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HUAT LAI RESOURCES BERHAD

पूर्व स्वीकृति मिति : २०७९/०६/०२    पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/०९    LT. No. 272097    चलानी नं.६०१८७९७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Poultry Worker | 100 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १७ गते (2nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Api Manpower Solutions Pvt Ltd**
Lic No. 1115/073/074
Kusunti-14, Lalitpur, Nepal
Tel:+977-01-5554927, 5554928 E-mail: info@apimanpower.com, apimanpowers@gmail.com Website : www.apimanpower.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADNAN ABDUL MOHSEN AHMED ATTIA GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/०४/०९    LT. No. :289934    चलानी नं. ६०२०५१७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric Building | 1 | 0 | 2000 | ६९,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १७ गते (2nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
श्रम ईजाजत नं. १३०५/०७४/०७५
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INDUSTRIAL METAL EXTENSION COMPANY

पूर्व स्वीकृति मिति २०८०/०४/०९    LT. No. 289924    चलानी नं. ६०२०५१६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 3 | 0 | 1100 | ३८,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १७ गते (2nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३३६/०५९/०६०
**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: SIBON SWEET & PASTRIES CO.

पूर्व स्वीकृति मिति २०८०/०४/०९    LT. No.289914    चलानी नं. ६०२०५१६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 3 | 0 | 130 | ५५,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver | 1 | 0 | 135 | ५७,७२५ | | | | | | | |
| 3 | Oriental Food Chef | 3 | 0 | 130 | ५५,५८५ | | | | | | | |
| 4 | Product Packaging | 0 | 6 | 130 | ५५,५८५ | | | | | | | |
| 5 | Secratery | 3 | 0 | 130 | ५५,५८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १७ गते (2nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Noor Overseas Pvt. Ltd**
श्रम ईजाजत नं. १०८८/०७३/०७४
Samakhushi-29, Kathmandu, Nepal Phone : +977-1-4383094, 4360824
E-Mail : operation.alnoor@gmail.com. Website : www.alnooroverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SECURIDO GUARD SERVICES SDN BHD

पूर्व स्वीकृति मिति: २०८०/०४/०९    LT. No. 289933    चलानी नं. ६०२०५१७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 29 | 0 | 1500 | ४३,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १७ गते (2nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Haya Recruitment Pvt. Ltd.**
श्रम ईजाजत नं. १०९३/०७३/०७४
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610
E-mail : alhaya.recruitment@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL WEFAQ ADVANCED TRADING EST

पूर्व स्वीकृति मिति: २०८०/०४/०९    LT No.289728    चलानी नं.६०२०५१७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 4 | 0 | 1000 | ३४,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARYAF BAKERY FOR BREAD

पूर्व स्वीकृति मिति: २०८०/०४/०९    LT No.289729    चलानी नं.६०२०५१४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 4 | 0 | 1800 | ६२,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १७ गते (2nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Faraz International Overseas Pvt. Ltd**
Govt. License 1553/079/80
Budhanilkantha-9, Kathmandu, BAGMATI, Contact: 9847416116
Email: hiringalfaraz@outlook.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४१९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – ११२२०० | प्रति तोला – १११६५० | प्रति तोला – १४५५ |

## एक वर्षमा ७८ करोडको सिमेन्ट निर्यात

**काठमाडौं (प्रस)–** गत आर्थिक वर्ष २०७९/८० मा नेपालबाट रु ७८ करोड बराबरको सिमेन्ट निर्यात भएको छ। भन्सार विभागका अनुसार गत आवमा तीन सिमेन्ट उद्योगले रु ७७ करोड ९३ लाख ६ हजार बराबरका १० लाख चार हजार २३ टन सिमेन्ट निर्यात भएको छ।

विभागका अनुसार गत आवमा रु ३५ करोड ८९ लाख ५१ हजार बराबरको छ लाख सात हजार ७३ मेट्रिक टन सिमेन्ट र रु ४२ करोड तीन लाख ५५ हजार बरारबरका तीन लाख ९६ हजार ९५० मेट्रिक टन क्लिंकर निर्यात भएको छ।

हाल पाल्पा, अर्घाखाँची र बालाजी गरी तीन सिमेन्ट उद्योगले भारतमा सिमेन्ट निर्यात गरिरहेका छन्। साथै अन्य उद्योग निर्यातको तयारीमा छन्। गत असार २४ गतेदेखि पाल्पा सिमेन्टको 'तानसेन' ब्राण्ड भारततर्फ निर्यात सुरु भएको थियो। साथै असोज ३१ गतेदेखि अर्घाखाँची र जेठ २९ गतेदेखि बालाजी सिमेन्टले 'बाहुबली' र 'श्रृष्टी' ब्राण्डमा पिपिसी सिमेन्ट निर्यात सुरु गरेका थिए।

सरकारले सिमेन्ट र स्टीललगायत सामान निर्यातमा आठ प्रतिशत अनुदान र वार्षिक रु १० करोडभन्दाबढीको विद्युत् खपत गर्ने उद्योगलाई दुईदेखि १५ प्रतिशतसम्म महसुलमा छुट दिने घोषणा गरेपछि नेपाली सिमेन्ट उद्योगीले निर्यात सुरु गरेका हुन्।

सरकारले गत आर्थिक वर्षको बजेटमा छुटको घोषणा गरेसँगै नेपाली तीन समेन्ट तथा एक स्टील उद्योगले निर्यात गरेका हुन्। सिमेन्ट उत्पादक संघले भारत सरकारबाट सिमेन्ट निर्यातमा गुणस्तर प्रमाणपत्रको पर्खाइमा धेरै सिमेन्ट उद्योग रहेको संघले जनाएको छ। नेपाली सिमेन्ट उद्योगले भारत निर्यातका लागि भारत सरकारबाट गुणस्तरको प्रमाणपत्र लिनुपर्नेछ। नेपालमा सञ्चालित सिमेन्ट उद्योगसँग वार्षिक करिब दुई करोड २० लाख टन सिमेन्ट उत्पादन क्षमता छ।

## 'किसानलाई मल र बीउ अभाव हुन दिँदैनौं'

■ प्रभाव संवाददाता

**काठमाडौं–** संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले किसानलाई मल र बीउ अभाव हुन नदिने बताएका छन्। मोरङको लोहन्द्रा खोलामा निर्मित पुलको उद्घाटन गर्दै उनले गाउँलाई सहरसँग जोड्न यस्ता पुलबाट मद्दत पुग्ने उल्लेख गरे।

सरकारले किसानलाई मल र बीउका साथै सिँचाइको सुविधा उपउलब्ध गराउन प्राथमिकताका साथ काम गरिरहेको मन्त्री मोदीले बताए। सरकारले भ्रष्टाचारका विषयमा शून्य सहनशीलता अपनाएर काम गरिरहेको उनको भनाइ थियो। कर्मचारीको सरुवा सरकारले 'सरुवा प्रणाली कार्यदल'ले दिएको प्रतिवेदनका आधारमा गर्ने मन्त्री मोदीले बताए। कोशी प्रदेशसभा सदस्य जयप्रकाश चौधरीले किसानलाई पर्याप्त सिँचाइको व्यवस्था गर्न आवश्यक भएको उल्लेख गर्दै नहरमा पानीको मात्रा बढाउन सुझाव दिए।



ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव कृष्णप्रसाद नेपालले पाँच दशक अघि बनेको यो नहरको संरचनालाई बलियो बनाउन अध्ययन भएको र केही समयभित्रै सुनसरीको सुनसरी खोला र मोरङको लोहन्द्रा खोलाको पानी नहरमा हाल्ने योजना रहेको जानकारी दिए। सुनसरी मोरङ सिँचाइ आयोजनाका निर्देशक भीलानन्द यादवले सन् १९७० मा बनेको उक्त नहरबाट सुनसरीमा ४० हजार हेक्टर र मोरङमा २८ हजार हेक्टर जग्गामा सिँचाइ सुविधा पुगिरहेको अवस्थामा यो नहरलाई व्यवस्थित तथा बलियो बनाउन अझै धेरै काम गर्नुपर्ने आवश्यकता औँल्याए।

जल उपभोक्ता केन्द्रीय समन्वय समिति चतरा मूल नहर सुनसरी मोरङ सिँचाइ आयोजनाका अध्यक्ष तपन दासले किसानको जीवनस्तर बढाउन नहरमा बाह्रैमहिना पानी सञ्चालन हुनुपर्ने जिकिर गर्दै नहरलाई व्यवस्थित बनाउन सरकारले योजनावद्धरूपमा काम गर्नुपर्ने धारणा राखे। बेलबारी नगरपालिकाका प्रमुख दीलबहादुर राईले नहर र पुल भत्किँदा यहाँ धेरै नागरिकले दुःख पाएको उल्लेख गर्दै निर्माणमा ढिलासुस्ती गर्न नहुने बताए।

सुनसरी मोरङ सिँचाइ आयोजना विराटनगरको चतरामूल नहरको ४१ किमीस्थित सो नहरको साइफन र पुल २०७४ सालको बाढीले बगाएको थियो। बाढीले पुल बगाएपछि पूर्वतर्फको १० हजार हेक्टर जग्गामा नहरको पानी पुग्न सकेको थिएन। यातायातका लागि महत्वपूर्ण मानिएको सो पुल भएर सवारीसाधन आवागमनमा समस्या भएको थियो। साइफन र पुलसँगसँगै निर्माण गर्न सुनसरी मोरङ सिँचाइ आयोजनाले रु ३४ करोड २४ लाखमा ठेक्का लगाएको थियो।

## कर्पोरेट

### हिमालयन डिस्टिलरीलाई उत्कृष्ट वार्षिक वित्तीय प्रतिवेदन अवार्ड




**काठमाडौं (प्रस)–** हिमालयन डिस्टिलरी लिमिटेड उत्पादन क्षेत्रको 'उत्कृष्ट वार्षिक वित्तीय प्रतिवेदन -२०२२' अवार्डबाट सम्मानित भएको छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आईक्यान) ले आर्थिक वर्ष २०२१/२२ मा प्रकाशित वार्षिक प्रतिवेदनका आधारमा उत्पादन क्षेत्रको उत्कृष्ट वित्तीय प्रतिवेदन - सिल्भर अवार्ड कम्पनीलाई प्रदान गरेको हो।

काठमाडौंमा शुक्रबार आयोजित एक कार्यक्रममा माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतले हिमालयन डिस्टिलरीका प्रमुख कार्यकारी अधिकृत निरज सुबेदीलाई उक्त अवार्ड हस्तान्तरण गरे। हिमालयन डिस्टिलरीको वित्तीय प्रतिवेदन विवरणको विस्तृत व्याख्या, संस्थागत सुशासनको जानकारी तथा अन्य वित्तीय तथ्यहरूको वास्तविक तथ्य आम लगानीकर्तालाई उत्कृष्ट तरिकाले प्रस्तुत गररिहेको र यस अवार्डले कम्पनीलाई आगामी दिनहरूमा अझ बढी परिस्कृत वित्तीय विवरण प्रकाशित गर्न हौसला मिलेको कुरा कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुबेदीले जानकारी गराए।

कम्पनीको उक्त पुरस्कृत वार्षिक प्रतिवेदनले साउथ एसियन फेड्रेसन अफ एकाउन्टेन्ट्स (साफा) द्वारा दक्षिण एसियाली स्तरमा आयोजना हुने 'उत्कृष्ट वार्षिक प्रतिवेदन' अवार्डका लागि समेत प्रतिस्पर्धा गर्नेछ। मदिरा क्षेत्रमा उत्कृष्ट गुणस्तरीय मदिरा उत्पादन तथा बिक्री वितरण गर्न सफल हिमालयन डिस्टिलरीका उत्पादनहरू गेल्डेन ओक, ब्लु ओक, ब्ल्याक ओक, रोयल ट्रेजर र हिमालयन अयला बजारमा अत्यन्त रुचाईएका मदिराहरू हुन्।

### टाटा जेन्युइन स्पेयर पार्ट्सको मूल्य घट्यो




**काठमाडौं (प्रस)–** टाटा मोटर्सको नेपालका लागि आधिकारीक वितरक सिप्रदी कम्पनिले टाटाका पार्टस्हरूको मूल्य घटाएको छ। ग्राहकवर्गहरूको चाहना र अपेक्षालाई मध्यनजर गर्दै टाटाका जेन्युइन पार्टसहरूको मूल्य समायोजन गरेको हो। हाल विद्यमान प्रतिकुल परिस्थितिको कारणले ग्राहकवर्गमा पर्न गएको असरलाई केही कम गर्ने उद्देश्यले सिप्रदी र टाटा मोटर्स्को संयुक्त पहलमा टाटा कमर्सियल गाडीको जेन्यूइन् पार्ट्सहरूको मूल्य समायोजन गरिएको हो। अब ग्राहकवर्गहरूले पहिलेको दाँजोमा कम मूल्यमै टाटा जेन्यूइन पार्ट्सहरू प्राप्त गर्न सक्नेछन्।

कम्पनीका अनुसार सिप्रदीको ग्राहकमुखि अवधारणा अनुरूप टाटा जेन्यूइन पार्ट्सको मूल्य घटाइएको हो। अब टाटा कमर्सियल गाडीका ग्राहकवर्गहरूले सिप्रदीका वर्कशपहरूमा अनुभवि तथा दक्ष प्रविधिकहरूबाट गाडीको चेकजाँच गर्दा कम खर्चमा टाटा जेन्यूइन पार्ट्सको प्रयोगबाट गुणस्तरिय सर्भिसिंगको फाइदा उठाउन सकिनेछ। यस मूल्य समायोजन पश्चात ग्राहकवर्गको व्यवसाय तथा मुनाफामा सकारात्मक प्रभाव पर्ने विश्वास लिइएको छ। समायोजित मूल्य यहि मिति २०८० श्रावण महिनाबाट नेपालभरि रहेका सिप्रदीको सम्पूर्ण नेटवर्क - सिप्रदी सर्भिस सेन्टर, आधिकारिक सर्भिस सेन्टर, टाटा जेन्यूइन् पार्टस् को डिलर नेटवर्क, च्याम्पियन जोन, सर्टिफाइड ग्यारेज र आकस्मिक मर्मत सेवा केन्द्रमा लागू भएको छ। साथै सिप्रदी सर्भिस सेन्टरमा फेरिएका टाटा जेन्यूइन् पार्टस्हरूमा ६ महिना वा ५०,००० कि.मि. सम्मको वारेन्टी सुविधा पनि कम्पनिले प्रदान् गर्दै आईरहेको छ।

### ज्योति विकास बैंक लिमिटेडको १५ औं वार्षिकोत्सव

**काठमाडौं (प्रस)–** ज्योति विकास बैंकले १५ औं वार्षिकोत्सव कमलपोखरीस्थित केन्द्रीय कार्यालयमा कार्यक्रम आयोजना गरी मनाएको छ। बैंकका अध्यक्ष हरिचन्द्र खड्काको सभापतित्व रहेको कार्यक्रममा बैंकको सञ्चालक समितिका सदस्यहरू, भुतपूर्व सञ्चालकहरू, कर्मचारी र ग्राहकहरूको उपस्थिति रहेको थियो। बैंकका प्रमुख कार्यकारी अधिकृत श्रीचन्द्र भट्टले स्वागत मन्तव्यका साथ कार्यक्रमको शुभारम्भ गरेका थिए।

बैंकले वार्षिकोत्सवको दिन नख्खुस्थित आफ्नो १२१ औं शाखाको पनि औपचारिक समुद्घाटन गरेको छ। अध्यक्ष खड्काले डिजिटल प्रविधिमार्फत ताम्रपत्र अनावरण गरी शाखाको समुद्घाटन गरेका हुन्। सोही क्रममा उपस्थित सबैलाई नख्खु शाखाको डिजिटल माध्यमबाट भर्चुअल टुर गराइएको थियो। नख्खु शाखा उद्घाटन पश्चात् उपत्यका र उपत्यकाबाहिर गरी ज्योति विकास बैंकको १२१ वटा शाखा कार्यालय, ३ वटा विस्तारित काउन्टर तथा ७५ वटा एटीएम पुगेको छ।




कार्यक्रममा बैंकमा १० वर्ष तथा १५ वर्ष देखि अनवरत रूपमा कार्यरत रहि योगदान दिएका कर्मचारीहरूलाई पनि सम्मानित गरिएको छ। अध्यक्ष खड्का तथा प्रमुख कार्यकारी अधिकृत भट्टले संयुक्त रूपमा कर्मचारीहरूलाई पदक तथा कदर-पत्र प्रदान गरेका थिए। १५ औं वार्षिकोत्सवको अवसरमा बैंकले विभिन्न सामाजिक उत्तरदायित्वको कार्यक्रमहरू समेत आयोजना गरेको छ। रक्तदान, वातावरण सरसफाई सम्बन्धि कार्यक्रम, वृक्षारोपण जस्ता विभिन्न कार्यक्रमहरू आयोजना गरिएको छ। साथै, बैंकले वार्षिकोत्सवको अवसरमा ग्राहकवर्ग र कर्मचारीहरूका लागि निःशुल्क मेहेन्दी कार्यक्रम पनि आयोजना गरेको छ।

### होन्डाको सिटी ई-एच इभी सार्वजनिक




**काठमाडौं (प्रस)–** होन्डाले हालै बजारमा सिटी ई-एच ईभी सार्वजनिक गरेको छ। वर्षौं देखि उपभोक्ताहरूको माझ लोकप्रिय होन्डा सिटी यसपाली नयाँ हाइब्रिड भेरिएन्टमा आएको छ। अत्याधुनिक प्रविधियुक्त सिटी ई-एच ईभीले नेपालको अटोमोटिभ क्षेत्रमा महत्वपूर्ण फड्को मार्ने संकेत गरेको छ। द्रुत एक्सिलेसन, उत्कृष्ट फ्युल इकोनोमीका साथ नेपालमा दिगो र पर्यावरण मैत्री सवारीका लागि नयाँ मापदण्डहरू सेट गरेको छ।

सिटी ई-एच ईभीको विशिष्ट विशेषता मध्ये एक एडभान्स्ड सेनसिंग स्वीट रहेको छ। यो सवारीचालक तथा पैदलयात्री दुवैलाई मध्यनजर गरी डिजाइन गरिएको अत्याधुनिक सेफ्टी टेक्नोलोजी हो। यस प्रविधि अन्तर्गत गाडीमा जोडिएको वाइड-एंगल फ्रन्ट क्यामेराले दूरीमा रहेका सम्भावित खतराहरूबारे चालकहरूलाई सचेत गराई दुर्घटनाहरूको जोखिमलाई कम गर्न मद्दत गर्छ। प्याकेजमा भएको लेन-किपिङ असिस्ट र अटोनोमस इमर्जेन्सी ब्रेकिङले गाडीमा सवार तथा पैदल यात्री दुवैको सुरक्षा सुनिश्चित गर्दछ।

नवप्रवर्तन र प्राविधिक उत्कृष्टता प्रति सदा प्रतिवद्ध होन्डाले सिटी ई - एच ई भीमा एडभान्स्ड ड्राइभर असिस्टेंस सिस्टमका साथै अड्याप्टिभ क्रुज कन्ट्रोल सुविधा समावेश गरी अन्य प्रमुख निर्माताहरूले सेट गरेको प्रवृतिलाई पछ्याएको छ। यी फिचरहरूले समग्र ड्राइभिङ अनुभवलाई आरामदायी बनाउनुका साथै थप सुरक्षित बनाउँछ। सिटी ई - एच ई भी को बारेमा थप जानकारी तथा टेस्ट ड्राइभका लागि आफ्नो नजिकको होन्डा कार शोरूममा सम्पर्क गर्नुहोस्।

## सेयरबजारमा लगातार गिरावट




**काठमाडौं (प्रस) –** नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीति सार्वजनिक गरेको दिन आइतबार उच्च अंकले बढेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमबार र मंगलबार भने घटेको छ। सोमबार २६ अंकले घटेको नेप्से परिसूचक मंगलबार ३६ दशमलव १९ अंकले ओरालो लागेर दुई हजार एक सय ६४ दशमलव ३१ विन्दुमा सीमित भएको छ।

मंगलबार विभिन्न कम्पनी दुई सय ६७ वटा कम्पनीका ७७ लाख १६ हजार दुई सय ७७ कित्ता सेयर ५३ हजार पाँच सय ७० पटक खरिदबिक्री हुँदा रु दुई अर्ब ९१ करोड सात लाख ३२ हजार चार सय १८ बराबरको कारोबार भएको छ। होटल तथा पर्यटन समूहको उपसूचक ७२ दशमलव ३० अंकले बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै जीवन बिमा समूह एक सय ७६ दशमलव ४४ र निर्जीवन बिमा समूह एक सय ११ दशमलव १८ अंकले घटेको छ।

त्यस्तै, बैंकिङ ३७ दशमलव २४, विकास बैंक ८६ दशमलव १३, वित्त ३६ दशमलव ५२, जलविद्युत् २६ दशमलव ६३ र लगानी समूह एक दशमलव ०२ अंकले घटेको छ। उत्पादन तथा प्रशोधन समूह १३ दशमलव ३४, लघुवित्त ३६ दशमलव ४९, म्युचुअल फन्ड शून्य दशमलव १०, व्यापार तीन दशमलव ८७ र अन्य समूह २७ दशमलव ९९ अंकले घटेको छ।

किसान लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने नबिल डिबेन्चर-२०८५ को मूल्य ६ दशमलव ८७ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै सोल्टी होटल लिमिटेडको रु १५ करोड २७ लाख ७९ हजार ७४ बराबरको सेयर कारोबार भएको छ। कारोबार भएका सेयर संख्याका आधारमा भने सबैभन्दा धेरै कुमारी बैंक लिमिटेडको चार लाख १८ हजार दुइ सय आठ कित्ता सेयर किनबेच भएको छ।

सर्पको टोकाइबाट बचौं ।
- घर वरिपरि सफा राखौं, प्वालहरू टालौं,
- झाडी एवं खुलास्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिँडौं, जुत्ता वा गमबुट लगाऔं,
- लठ्ठी लिएर हिडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको प्रयोग गरौं,
- सुत्ने बेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिँड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होसियारी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ